जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक १८, २०७४ साल साउन २७ गते शुक्रबार, नेपाल संवत् ११३७ (Aug. 11, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## एक्लिँदै बाबुराम



काठमाडौं । नयाँ शक्ति नामको पार्टी खोलेर वैकल्पिक शक्ति बन्ने डा. बाबुराम भट्टराईको सपना सबै हुरीले उडाउन थालेको छ । भर्खरै सम्पन्न दुवै चरणको स्थानीय तह निर्वाचनमा नयाँ शक्ति दलले अनपेक्षित पराजय व्यहोरेपछि त्यस पार्टीका नेता तथा कार्यकर्तामा घोर निराशा उत्पन्न भएको छ । माओवादी केन्द्रसँग विद्रोह गर्दै नयाँ शक्तिमा ओइरिएकाहरु फेरि पुरानो घर फिर्न **बाँकी ८ पेजमा**

## डा. केसीको अवस्था नाजुक



काठमाडौं । चिकित्सा क्षेत्रमा सुधारको माग गर्दै ११ औं पटक आमरण अनसनमा बसेका वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा. गोविन्द केसीको स्वास्थ्य स्थिति नाजुक बन्दै गएको छ । दश वर्षसम्म काठमाडौं उपत्यकामा नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिन नहुने लगायतका माग राख्दै माथेमा आयोगको प्रतिवेदन कार्यान्वयनका लागि दबाब दिन केसी आमरण अनसनमा बसेका छन् । तर आधा दर्जन **बाँकी ८ पेजमा**

# अन्तत: दोक्लामबाट भाग्दै भारतीय सेना

काठमाडौं । गत जुन १५ तारिखबाट सुरु भएको चीन भारत दोक्लाम विवाद झनै उत्कर्षमा पुग्दैछ । भुटान चीन सीमावर्ती दोक्लाम क्षेत्रमा चिनियाँ फौजले सीमा मिचेर सडक बनाउन थालेको भन्दै भारतीय फौज त्यसलाई रोक्न त्यहाँ पुगेपछि चीन र भारतबीचको सम्बन्धमा उत्पन्न दरार कहिले र कसरी साम्य हुने हो कुनै पनि कुटनीतिका अक्टोपसले भविष्यवाणी गर्न सकेका छैनन् । चीनले भुटानसँगको मामिलामा भारतले अनावश्यक हस्तक्षेप गरेको र आफ्नो भूभागमा भारतीय सेना पसेको आरोप लगाइरहेको छ ।

यता भारतले भने भुटानको सुरक्षाको दायित्व आफ्नो भएका कारण दोक्लाममा अवरोध गर्नु परेको प्रस्टीकरण दिइरहेको छ। भुटान चीनबीचको सीमा विवाद भए पनि दोक्लाममा भारतीय र चिनियाँ सेना आम्नेसाम्ने भएका छन् । चीनले भारतलाई 'इतिहासको पाठ नबिर्सन' चेतावनी दिएको छ भने भारतीय रक्षामन्त्री अरुण जेट्लीले अहिलेको भारत सन् १९६२ को होइन भनेर चीनलाई प्रतिक्रिया दिएका छन् । इतिहासको कुरा उठाएर चीनले भारतलाई सन् १९६२ को युद्धतर्फ संकेत गरेको हो ।

चीन भारतबीचको त्यस युद्धमा भारतले चीनसँग शर्मनाक पराजय व्यहोर्नु परेको थियो । एक महिनासम्म चलेको सो युद्धमा भारतले ठूलो भूक्षेत्र मात्र गुमाएन झन्डै १४ सय भारतीय सैनिक चिनियाँ सैनिकको जवाफी कारबाहीमा मारिएका थिए । १६ सय बढी भारतीय सैनिक गिरफ्तारीमा परेका थिए । यीमध्ये ६० बढी बन्दी शिविरमै मरेका थिए भने झन्डै नौ सय भारतीय सैनिक घाइते भएका थिए । तत्कालीन चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओत्सेतुङले भारतलाई सबक सिकाउने चिनियाँ जनमुक्ति सेनालाई आदेश दिएपछि भारत रक्षात्मक बनेको थियो र युद्ध अन्त्य भएको थियो । ५५ वर्षअघिको अवस्थामा चीन र भारत दुवै छैनन् । दुवै राष्ट्र आणविक शक्ति सम्पन्न बनेका छन् । चीन विश्वकै आर्थिक महाशक्ति बन्ने दौडमा छ भने भारत दक्षिण एसियाको मसिहा बन्ने स्वप्न पालिरहेको छ ।

भारत चीनबीचको मनमुटाव जर्मनीको ह्याम्वर्गमा जी २० को सम्मेलनमा चिनियाँ राष्ट्रपति सि जिन पिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको भेटमा पनि छर्लंग देखिएको छ। दुवै नेताहरुले साइडलाइनमा झन्डै पाँच मिनेट उभिइ उभिई कुराकानी गरे पनि दोक्लाम विवादबारे कुनै प्रसंग उठाएनन् । चीनले दोक्लामबाट भारतीय सेना नहटेसम्म कुनै सम्झौता नहुने अडान लिएको छ । पछिल्लो पटक चिनियाँ जनमुक्ति सेनाका वरिष्ठ कर्णेल लीलीले तनावबाट बच्नका लागि चिनियाँ भूमि दोक्लामबाट हट्न भारतीय सेनालाई चेतावनी दिएका छन् । चिनियाँ पत्रिका ग्लोबल टाइम्सको अनलाइनले चीनले भारतीय सेनालाई दोक्लामबाट फिर्ता गराउनका लागि सानो प्रकारको सैन्य अप्रेसनको तयारी गरेको एक सुरक्षा विश्लेषकलाई उद्धृत गर्दै हालै मात्र



समाचार प्रकाशित गरेको छ ।

चिनियाँ सेनाका कर्णेलले भनेका छन्- 'भारतीय सेनाले जे गरिरहेको छ, त्यो चिनियाँ जमिनमाथिको हमला हो ।' उनको कमान्डमा रहेको छाउनीमा मात्रै ११ हजार सैनिक रहेका छन् । कर्णेल लीले आफूहरु चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ राष्ट्रपति सी जिनपिङको अध्यक्षतामा २३ लाख सैनिकले केन्द्रीय सैन्य आयोगको आदेशको पालना गर्ने जनाएका छन् ।


दोक्लाम क्षेत्र ब्रिटिसहरुले पहिल्याएको सामरिक महत्वको चुम्बी उपत्यकासँग जोडिएको छ। यही क्षेत्रमा पर्ने याङतसुङतर्फ चीनले सिगात्सेबाट रेलमार्ग ल्याइरहेको छ। यसको गन्तव्य सिक्किम वा भुटान कुन हुने हो भन्नेमा भारत चिन्तित छ । तिब्बत प्रवेशद्वारका रुपमा रहेको चुम्बी उपत्यकामा चीन सुरक्षा दृष्टिले झनै मजबुत बन्न खोजिरहेको छ। बेलायती सेनाका कर्णेल फ्रान्सिस यङहजवेन्डले सिक्किमको नाथुला नाकाबाट चुम्बी उपत्यका हुँदै ल्हासा छिर्ने रुट पहिल्याएका थिए । यही रुट हुँदै फ्रान्सिसको नेतृत्वमा १० हजार ब्रिटिस सेना सन् १९०४ मा ल्हासा पसेर कबजा जमाएका थिए। दोक्लाम क्षेत्र मुन्तिरको 'चिकेन्स नेक' संवेदनशील भारतीय भूभाग पर्छ। दार्जिलिङको तल्लो बेल्टमा पर्ने सो ठाउँ पनि साँघुरो छ जहाँ नेपाल र बंगलादेशबीचको दूरी करिब २२ किलोमिटर मात्र छ। चीन र भुटानको अन्तर्राष्ट्रिय सीमा क्षेत्र पनि नजिकै छ । यदि यो चिकेन्स नेक टुट्ने हो भने पूर्वोत्तर क्षेत्रका सिक्किम, असम, मेघालय, अरुणाचल प्रदेश, नागाल्यान्ड, त्रिपुरा र मणिपुर आठवटा राज्यसँग भारतको स्थल सम्पर्क हुन सक्दैन । त्यही कारण भारतले सामरिक प्रतिष्ठा दाउमा परेको ठानेको छ र दोक्लाममा टाँग अड्याइरहेको छ । चुम्बी उपत्यकामा भारतको नजर र चिकेन्स नेकमा चीनको चासो सधैं रहँदै आएको छ । यसपटक भने यसले द्वन्द्वको स्वरुप ग्रहण गरेको छ ।

भुटान र चीनबीच ४७० किलोमिटर लामो सीमा रहेको छ । सीमाका धेरै स्थानमा विवाद पनि छ । भुटान र चीनबीच सीमा विवाद सल्टाउन सन् १९९८ मा संवाद गर्ने सम्झौता भएको थियो । दुई पटकसम्म वार्ता भए पनि सीमा विवाद टुंगो लाग्न सकेको छैन । उग्येन वाङचुकले ल्हासा आक्रमणमा सघाएका कारण बेलायतले उनलाई भुटानको राजा बनाइदिएका थिए सन् १९०७ मा । उनकै पाँचौं पुस्ता हुन् हालका भुटानी नरेश । ब्रिटिससँग नजिक रहेको भुटान अहिले पनि भारतसँग सबभन्दा निकट छ । भुटान भारत आश्रित राज्यको रुपमा रहेको छ । दोक्लाम सम्बन्धमा भुटानले एकपटक मात्र प्रतिक्रिया दिएको छ । भुटानी वि[illegible] **बाँकी ८ पेजमा**

## शिक्षामा लगानी बालुवामा पानी

काठमाडौं । देशको सबैभन्दा बढी सम्पत्ति लगानी भएको ठाउँ शिक्षा हो । लथालिंग भएको शिक्षा क्षेत्र सुधार गर्न सरकार र दातृ निकायले खर्बौंको लगानी गरिरहे तापनि लगानीबमोजिमको उपलब्धि बालुवा पानी खन्याएको जस्तो छ । विद्यालय क्षेत्र विकास कार्यक्रमका नाममा विश्व बैंकको सहयोगमा देशभरका विद्यालयहरुमा भौतिक संरचना निर्माण, मर्मत र क्षमता विकासका लागि दिइने तालिमका लागि बजेट पठाइन्छ। ठोस योजना उपलब्धिको मापनबिनै गरिने खर्चले लगानीअनुसारको प्रतिफल प्राप्त हुन सकेको छैन ।

गाउँघरका कतिपय विद्यालयको अवस्था अहिले पनि पशु थुन्ने ढाटको जस्तो रहेको छ। फर्निचरको अभावमा घरबाट ओछ्याउने बोरा बोकेर विद्यालय जाने बालबालिकाको संख्या पनि ठूलो काठमाडौं । देशको सबैभन्दा बढी सम्पत्ति लगानी भएको ठाउँ शिक्षा हो । लथालिंग भएको शिक्षा क्षेत्र सुधार गर्न सरकार र दातृ निकायले खर्बौंको लगानी गरिरहे तापनि लगानीबमोजिमको उपलब्धि बालुवा पानी खन्याएको जस्तो छ । विद्यालय क्षेत्र विकास कार्यक्रमका नाममा विश्व बैंकको सहयोगमा देशभरका विद्यालयहरुमा



भौतिक संरचना निर्माण, मर्मत र क्षमता विकासका लागि दिइने तालिमका लागि बजेट पठाइन्छ । ठोस योजना उपलब्धिको मापनबिनै गरिने खर्चले लगानीअनुसारको प्रतिफल प्राप्त हुन सकेको छैन ।

गाउँघरका कतिपय विद्यालयको अवस्था अहिले पनि पशु थुन्ने ढाटको जस्तो रहेको छ। फर्निचरको अभावमा घरबाट ओछ्याउने बोरा बोकेर विद्यालय जाने बालबालिकाको संख्या पनि ठूलो छ। विद्यालय दर्ता **बाँकी ८ पेजमा**

## पेट्रोलियम सञ्चिती वृद्धिमा निगम

काठमाडौं । नेपाल आयल निगमले पेट्रोलियम सञ्चिती भण्डार निर्माणका लागि मुलुकका विभिन्न ठाउँमा खरिद गरेका जग्गामा आर्थिक अनियमितता भयो भन्ने विषयलाई लिएर मिडियाहरुमा प्रकाशित भएका समाचारप्रति निगमको गम्भीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा नेपाल आयल निगमले जग्गा खरिद गर्नुको कारण उल्लेख गर्दै खरिद प्रक्रियामा कुनै मिलेमतो र आर्थिक अनियमितता नभएको दाबी प्रेस विज्ञप्तिमार्फत गरेको छ ।

यसै विषयलाई लिएर यस साप्ताहिकका प्रतिनिधिले निगमका कार्यकारी निर्देशक गोपाल खड्कासँग सम्पर्क गर्दा उनले आयल निगमले प्रचलित ऐन, कानुन र नियमावलीको अक्षरश: पालना गर्दै जग्गा खरिद गरेको बताए । निगमले आह्वान गरेको बोलपत्रमार्फत आएका प्रतिकठ्ठा जग्गाको मूल्य उल्लेखित क्षेत्रको चलनचल्तीको मूल्य हो या होइन भनी प्रत्येक लोकेसनहरुको स्थानीय निकायसँग पत्राचार गरी लिखित रुपमा प्राप्त भएको मूल्यलाई आधार मानी टेण्डर मूल्यांकन गरिएको र कानुनी, प्राविधिक र आर्थिक रुपले उपयुक्त पाइएको आधारमा मात्र जग्गा खरिद गर्ने निर्णय गरिएको कार्यकारी निर्देशक खड्का दाबी गर्छन् ।

नेपाल आयल निगमसँग अहिले भण्डारण क्षमता अत्यन्तै कमजोर रहेको छ। भण्डारण क्षमता न्यून भएकै कारण भारतले गरेको नाकाबन्दीका समयमा पेट्रोलियमको गम्भीर समस्या भएकाले भण्डारण क्षमता बढाउन सरकारले निगमलाई निर्देशन दिएको छ ।

निगमबाट प्राप्त तथ्यांकअनुसार हाल पेट्रोल साढे ६ दिन, डिजेल साढे सात दिन, हवाई इन्धन १३ दिन र खाना पकाउने ग्यासको सञ्चिती चार दिनलाई मात्र छ। नेपाल आयल निगमले विगत १८ वर्षदेखि भण्डारण **बाँकी ८ पेजमा**

## ढकालद्वारा रक्तदान



**काठमाडौं । देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाका अध्यक्ष तथा यस साप्ताहिकका प्रकाशक/सम्पादक सुरेन्द्र ढकालले गत मंगलबार दुर्लभ रगत बि नेगेटिभ ३१ औं पटक दान गर्नुभएको छ ।**

**सन् १९९२ देखि नियमित रक्तदान गर्दै आउनुभएका ढकाललाई २५ औं पटक रक्तदान गरेबापत २०६७ सालमा नै रक्तदाता संघ नेपालले सुनको पीन तथा प्रमाणपत्रबाट सम्मान गरेको थियो । स्वस्थ र सक्रिय ५९ वर्षीय ढकाल अझै अरू दुई पटकसम्म रक्तदान गर्न सक्ने बताउनु हुन्छ ।**

## भैरहवा नाकामा भारतीय दादागिरी

काठमाडौं । भारतीय सशस्त्र सिमा सुरक्षा बल (एसएसवी) ले सुरक्षाको कारण देखाउँदै भैरहवाको बेलहीया-सुनौली सीमा नाकामा केही हप्तादेखि अवरोध पुर्‍याइरहेको छ ।

भारतीय अवरोधले भैरहवा भन्सारको राजस्व संकलन प्रभावित भएको छ भने सवारीसाधन आवतजावतमा र निर्यातमा गम्भीर असर परेको छ । बेलहियाका प्रहरी नायब निरीक्षक विष्णुबहादुर जिसीले जनाएअनुसार भारत प्रवेशद्वारको मूलगेटमा बसेर एसएसबीले यात्रुहरुको खानतलासी लिइरहेको छ । अवरोधको कारण भने खुलेको छैन ।

प्रमुख भन्सार अधिकृत भुपाल शाक्यले राजस्व सकंलनमा दैनिक ५ देखि ७ करोडसम्म **बाँकी ८ पेजमा**

## बिम्स्टेक एसओएम बैठक

काठमाडौं । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) सदस्य मुलुकका बाह्य मामिला/विदेश/परराष्ट्र मन्त्रालयका वरिष्ठ अधिकारीहरु (एसओएम) को १८ औं बैठक शुरु भएको छ ।

नेपालसहित भारत, भुटान, बंगलादेश, थाइल्याण्ड, म्यान्मा र श्रीलंका सदस्य रहेको उक्त उपक्षेत्रीय संगठनको बैठकले सदस्य देशका परराष्ट्रमन्त्रीको १५ औं मन्त्रिस्तरीय बैठकको कार्यसूची निर्धारण गर्नेछ ।


बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र सचिव शंकरदास बैरागीले गरेका छन् भने भारतको बाह्य मामिला मन्त्रालयका **बाँकी ८ पेजमा**

समय-सन्दर्भ |

## फेरि तरंगित पाकिस्तानी राजनीति

**तेजेन्द्र प्रसाईं**

७० वर्षको इतिहासमा पाकिस्तानमा स्थिर राजनीति कायम हुन सकेको छैन । त्यहाँ सेना, अदालत र लोकतान्त्रिक शक्तिबीच सधैं द्वन्द्व हुने गरेको पाइन्छ। भारत र पाकिस्तान दुवै एकसाथ स्वतन्त्र भएका मुलुक हुन्।१४ अगस्त १९४७ मा पाकिस्तान दक्षिण एसियाको एक नयाँ राष्ट्रका रुपमा उदय भएको हो । यसअघि पाकिस्तान इस्ट इन्डिया कम्पनीको अधीनमा थियो । जोन स्टुयर्डले द्विराष्ट्रियताको अवधारणा अघि सारे र मुस्लिम बाहुल र हिन्दू बाहुल राष्ट्र बन्न सक्ने बताएपछि मोहमद अलि जिन्नाले भारतबाट पाकिस्तानलाई टुक्र्याए । जिन्ना स्वतन्त्र भारतका प्रथम प्रधानमनत्रीका



दाबेदार थिए । जिन्नालाई प्रधानमन्त्री दिएर भारतलाई अक्षुण्ण राख्न महात्मा गान्धी समेतले सुझाएका थिए । तर अंग्रेजहरुले नेहरुलाई प्रधानमन्त्री बनाए । जिन्नाको नेतृत्वमा भारतबाट अलग भयो पाकिस्तान । प्रारम्भमा यो पूर्वी र पश्चिमी पाकिस्तानका रुपमा दुई भागमा विभाजित भयो । भारतबाट टुक्रिएपछि पाकिस्तान झन्डै ९ वर्षसम्म संविधानविहीन अवस्थामा रह्यो । पाकिस्तानका जन्मदाता मोहम्मद अलि जिन्नाको १९४८ मा निधन भयो। पाकिस्तानका प्रधानमन्त्री ल्याकत अलि खानको १९५१ मा हत्या भएपछि संविधान बन्ने प्रक्रियामा झन् जटिलता थपियो । बल्ल १९५६ मा पाकिस्तानलाई इस्लामिक गणतन्त्र घोषणा गर्दै संविधान जारी भयो। तर त्यो संविधान दुई वर्ष पनि टिकेन । सैनिक कु भयो १५५८ मा तत्कालीन राष्ट्रपति इस्कन्दर मिर्जाले संविधान निलम्बन गर्दै कु गर्ने प्रयास गरेका थिए । तर तत्कालीन सैनिक प्रमुख अयुव खानले राष्ट्रपति मिर्जालाई नै हटाएर आफैंलाई राष्ट्रपति घोषणा गरे । उनले झन्डै ११ वर्ष शासन गरेपछि सत्ता छोड्दै अर्का सैनिक प्रमुख याह्या खाँलाई जिम्मा लगाए। याहाया खाँकै कार्यकालमा सन् १९७१ म भारत पाक युद्ध भयो । पूर्वी पाकिस्तान नयाँ राष्ट्र बंगलादेशका रुपमा जन्मियो । पाकिस्तानमा कायम रहेको सैनिक शासनको अन्त्य पनि भयो ।

सैनिक शासन हटेपछि जुल्फिकर अलि भुट्टोको नेतृत्वमा सन् १९७२ देखि लोकतान्त्रिक शासनको सुरुवात भयो। सन् १९७३ मा भुट्टोको नेतृत्वमा नयाँ संविधान जारी भयो । सो संविधानले संसदीय व्यवस्था रहेन, प्रधानमन्त्री कार्यकारी राष्ट्रप्रमुख हुने परिकल्पना गर्‍यो । राष्ट्रपति भएका भुट्टोले संविधानअनुसार प्रधानमन्त्रीको जिम्मेवारी लिए। **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# छ कसैको हिम्मत जहाँनिया परिवारवादबाट यो देशलाई मुक्त गर्ने ?

**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)



**नेपालमा जतिसुकै आन्दोलन भए तापनि जहानिया परिवारवादबाट देशलाई मुक्त गर्न नसकेकै कारण हामी कंगालमध्येको अति कंगाल र भ्रष्टमध्येको अति भ्रष्ट राष्ट्रको सूचीमा दर्ज हुन पुगेका हौं**

राजतन्त्र जहानिया, सामन्ती, निरंकुश र क्रुर हुन्छ भनेकै आधारमा विश्व इतिहासमा राजतन्त्रको विपक्षमा ठूलाठूला आन्दोलनहरु भएका छन् । नेपालमै पनि जहाँनिया राणा शासन अनि जहाँनिया शाह शासनको अन्त्य गर्न २००७ अनि २०६३ मा आन्दोलनहरु भए । तर के देशको शासनले जहानियावादबाट मुक्ति पायो त ? अहँ पाएन । मातृका कोइरालाबाट शुरु भएको कांग्रेसको इतिहास बीपी, गिरिजा, प्रकाश, शेखर, सशांक हुँदै सुजातासम्म तन्किएको छ । गणेशमानबाट मंगलादेवी हुँदै प्रकाशमान, पुष्पलालबाट सहाना, सूर्यबहादुरबाट सुनिल, लोकेन्द्रबाट जय, मदनबाट विद्या, शेरबहादुरबाट आरजु, प्रचण्डबाट रेनु अनि प्रकाशसम्म आइपुगेको छ । अर्कोतर्फ बाबुराम हिसिला, अमृत अष्टलक्ष्मी, सीपी सीता, लीलामणि शशी, बलराम सावित्रा जस्ता प्रवृतिहरु पनि छन् जस्लाई जहाँनिया भनिहाल्न पनि मिल्दैन र होइन भन्न पनि मिल्दैन । विदेशमा हेर्ने हो भने संसदीय प्रजातन्त्रभित्र भारतमा नेहरु परिवारवाद, पाकिस्तानमा भुट्टो परिवारवाद, बंगलादेशमा शेख मुजिव, जियाउर रहमान परिवारवाद अनि साम्यवादी व्यवस्थातर्फ हेर्ने हो भने उत्तर कोरियामा किम वंश, क्यूवामा क्याष्ट्रो परिवारवाद, अमेरिकामा क्लिन्टन र वुश परिवारवाद देखिन्छन् । संसारमा भएका कुनै पनि राजनीतिक व्यवस्थाले जहाँनिया परिवारवादलाई पूर्णरुपमा नकार्न सकेको छैन ।

चीनमा माओपछि भ्रूण्डै उनकी श्रीमती चियाङले परिवारवाद स्थापना गर्नै लागेकी थिइन । ग्याङ अफ फोरको पतनसँगै चीनले भने जहाँनिया परिवारवादी सोचको जरा नै उखेलेर फालेको छ । यही कारणले होला चीन सबै क्षेत्रमा अग्रणी भएर सबैको उदाहरण बन्न सकेको छ । भ्रष्टाचारको मुख्य स्रोत भनेकै जहानिया परिवारवादी सोच हो । नेपाललाई यही सोचले गँजेकै कारण यिनीहरुभन्दा त राज परिवारवाद नै ठीक, सयौं राजालाई मान्नुभन्दा एक राजालाई मान्नु ठीक भन्ने सोचाइको विकास हुनुको पछाडि गणतन्त्रले परिवारवादको जरा उखल्न नसक्नुले नै हो । भरतपुर चितवनको चुनावलाई हेर्ने हो भने त संवैधानिक अंग सर्वोच्च अदालत र निर्वाचन आयोगसमेत परिवारवादको प्रभावबाट मुक्त हुन नसकेको देखियो । प्रजातान्त्रिक शासन व्यवस्था त्यतिखेर मात्रै सफल हुन्छ जहाँ ठीक पदमा ठीक मानिसको वहाली हुन्छ, हाम्रो राम्रो होइन राम्रो हाम्रो भन्ने सोच हुन्छ र त्यही सोच स्थापित भएको हुन्छ । यसरी हेर्दा नेपालमा जतिसुकै आन्दोलन भए तापनि जहानिया परिवारवादबाट देशलाई मुक्त गर्न नसकेकै कारण हामी कंगालमध्येको अति कंगाल र भ्रष्टमध्येको अति भ्रष्ट राष्ट्रको सूचीमा दर्ज हुन पुगेका हौं । छ कसैको हिम्मत जहाँनिया परिवारवादबाट यो देशलाई मुक्त गर्ने ?

## सम्पादकीय

# विलासी जनप्रतिनिधि

रौतहटको गडोरामा सडक निर्माणका क्रममा पारेको खाल्डोमा जमेको पानीमा परेर चार जना बालिकाले ज्यान गुमाएको दुःखद समाचार टेलिभिजनमा प्रसारण भएको दृश्य हेर्दा मन थाम्न नसकिने खालको थियो । घटनामा शोकाकुल बनेका परिवारको हालत कस्तो भयो, त्यसको कल्पनाले मात्र पनि आङ सिरिङ बनाउँछ । काठमाडौंमा भएको यस्तै लापर्बाहीपूर्ण घटनामा परेर एकजना बालिकाको ज्यान गएको थियो भने ढलको पानीमा बगेर पनि एउटी बालिका बाँचेकी थिइन् । सडक निर्माण गर्दा त्यत्तिकै छाडिएका डरलाग्दा खाडलहरू तथा ढक्कन नभएका ढलका मंगालहरू दुर्घटनाका कारक भए तापनि यिनको तत्काल निर्माण तथा त्यस्ता खाडललाई टाढैदेखि देख्न सक्ने संकेत नराख्नाले गम्भीर प्रकृतिका दुर्घटना हुने गरेका छन् ।

विकास निर्माणका क्रममा देखिएका लापर्बाहीका दृश्य हेर्न राजधानीका सडकहरू आदि घन्टा मात्र घुम्ने हो भने बग्रेल्ती उदाहरण भेटिन्छन् । सडकमा देखिएका साना, ठूला खाल्डाखुल्डी र खुल्ला ढलका मंगालका अतिरिक्त जतासुकै भ्रेलिएका, लत्रिएका बिजुली, टेलिफोन, केबुल टेलिभिजन र इन्टरनेटका तारहरू पनि दुर्घटनाका कारक बन्न सक्छन् । लामो समयसम्म देखिएका यस्ता तारहरू हटाउने, पन्साउने गरेको पाइँदैन । यस्ता लत्रिएका तारहरूले सवारी साधन र पैदल यात्रुलाई ठूलो असर पुऱ्याएको छ । यसैगरी एकातर्फ खुस्किएका होर्डिङ बोर्ड, ढल्किएर लड्ने अवस्थामा पुगेका बिजुलीको पोलले पनि दुर्घटना निम्त्याइरहेको छ ।

सहरभित्रका फुटपाथ अतिक्रमणले पैदल यात्रुलाई हिँडडुल गर्न समस्या परिरहेको छ । फुटपाथमा थुपारिने निर्माण सामग्री, पुटपाथ ढाकेर गरिने व्यापार व्यवसायले पैदल यात्रुले ठूलो असहजताको सामना गर्नुपरिरहेको छ । त्यसमाथि पनि जाम छल्न फुटपाथमा चढाएर मोटरसाइकल हुइँक्याउनेहरूले पैदल यात्रुको मुटुको धड्कन बढाउने गरेका छन् ।

सानातिना कारणहरूले निम्त्याउन सक्ने डरलाग्दा दुर्घटनालाई न्यूनीकरण गर्न सम्बन्धित निकायले गम्भीर रूपमा ध्यान दिन जरूरी छ । काठमाडौंका नयाँ मेयर विद्यासुन्दर शाक्यले पनि आफूले निर्वाचन जिते सहरको कायाकल्प परिवर्तन गर्ने उद्घोष गरेका थिए । शाक्यले जस्तै सबै स्थानीय तहहरूमा आएका जनप्रतिनिधिहरूले जनतासमक्ष गरेका वाचा बन्धन र आश्वासनको ख्याल गरेर नगरी नहुने सानातिना कामलाई प्राथमिकतामा राख्न जरूरी छ । जनताले तत्काल ठूलठूला विकास मागेका छैनन्, उनीहरूको चाहना आफू बस्ने गाउँ सहर स्वच्छ, सफा बनोस् । आफू र आफ्ना बालबालिकाहरू भयमुक्त वातावरणमा बस्न सकुन् भन्ने हो । विकासका नाममा चौतर्फी थापिने धरापले गम्भीर दुर्घटना निम्त्याउने भएकाले जनप्रतिनिधिहरूले पहिलो काम त्यस्ता धराप पन्साउने र वातावरण सफा राख्नेपट्टि लगाउन आवश्यक छ ।

तर हाम्रा प्रतिनिधिहरूको ध्यान 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' अवस्थाबाट गुज्रिएको पाउँछौं । सबै स्थानीय निकायको रोल मोडल बन्नुपर्ने राजधानीका जनप्रतिनिधिहरू नै कहिले व्यक्तिगत मोबाइल खरिदको निर्णय गर्ने, कहिले करोडौंका विलासी गाडी खरिद गर्ने निर्णयतर्फ लागेकाले यिनीहरूको फलो गर्नेहरूको अवस्था पनि यसभन्दा फरक देखिँदैन । लामो समयसम्म शून्यता छाएको स्थानीय राजनीतिले जननिर्वाचित नेतृत्व पाएर उत्साह थपे तापनि विजयी हुँदा पहिरिएको माला नसुक्दै जनप्रतिनिधिले गर्ने 'मै खाउँ मैलाउँ' को निर्णयले पक्कै पनि मुलुक अघि बढ्दैन । त्यसैले यस्ता प्रतिनिधिहरूले जनताको दैनन्दिनीमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्ने कामतर्फ ध्यान दिन आवश्यक छ ।

# गुरुस्थाने कृतं पापं बज्रलेपो भविष्यति (३)



**जगदीश लामिछाने**
रौतहट, पौराई

गुरु अर्थात् गौरवपूर्ण सञ्चालक आफ्ना अविचल सिद्धान्तनिष्ठ स्थान कुन हो ? किन यो विश्वमा हत्या, हिंसा र अशान्ति भइरहन्छ ? कतै त्यही गुरुस्थानमा हामी मानवले अत्याचार गरेर आफ्नै कुभलो गरेका त होइनौं ? किन कतै विश्वमा लगातार दुःखकष्ट भइरहन्छ ? कतै अलि सहनशील तर स्थिरताको स्थिति देखिन्छ ? यही चिन्ता बढेको कतै हाम्रै हमबडापनले त होइन ? गुरु त्यो सञ्चालक रिसाएको त छैन ? उसैमाथि पाप गऱ्यौ कि ? यस्ता प्रश्न हामीले सोधिरहनुपर्छ । गुरुस्थान सन्निकट हुनैपर्ने देखियो । सन्निकट हुनलाई प्राणी वनस्पति र आधारभूमिमा मित्रता हुनैपर्ने भयो । वैमनस्यता उम्रनासाथ प्रेमपूर्वक उपायबोधको त्यही भावना र कर्ममै गुरुस्थानमा पाप हुनै भएन । यस्तो भएन भने हामी मानव नै दुःखी हुनु बज्रलेपे जस्तो पापले हामी दुःखी हुनैपर्छ ।

धार्मिकहरु मै ठूलो भन्न आउँछन् । समन्वयको रज्जु अथवा स्नेहजल लिएर नआउनाले, शक्ति सम्पन्नहरुले पीडितहरुको मर्का नबुझी दिनाले र पीडितहरुले पनि विद्रोह गर्नुपर्छ भनिदिने यी सबै हमबडाहरुले अरब अफ्रिका र युरोपमै पनि अशान्ति भएको छ । एसियाकै अफगानिस्तान धेरै रोएको गुरुस्थान प्रकृति मानवको संयुक्त गुरुस्थानमा पाप बढाउनाले नै युद्धहरु र शीतयुद्धहरु भएका हुन् । तर पनि हामी के कुरामा आशावान हुनुपर्छ भने समन्वयवादीहरु र प्रजातान्त्रिक समाजहरु अगाडि बढ्ने क्रम जारी छ । थोरै यी सुरक्षित पनि छन् । यिनमा पनि गुरुस्थानमा पाप बढेर बज्रलेप हुनुभएन भनी २०७३।७।५ मा एकपटक र २०७४।४।६ मा अर्कोपटक अनुरोध छापी यसैमा लेखिएकै हो । अब गुरुस्थान नेपालमै फर्कौं र अरु पाप हुनबाट जोगिऔं ।

हिमवतखण्ड नेपालमा ऋषिमुनिहरु सहित आशुतोष पशुपतिनाथको बासस्थान समेत भएकाले ४ वेद १८ पुराण षडदर्शन तथा उपनिषद्हरुको अध्ययन भयो । रचना भयो र प्रयोगसमेत भए । तैपनि चीन जापान अफगानिस्तान आदिमा अशान्ति हुनुमा पनि त्यो दुःख हट्नुपर्ने हो । सकिएको छैन । शिवको दार्शनिकता र बुद्धको बौद्धिकता बिर्सिएजस्तै भयो । सहनशीलता चाहिँ छँदैछ । यी दुःख गुरुस्थानप्रति पापै हो । आदर कम नै हो । एउटा प्रजातान्त्रिक देशले यहाँ पनि अर्को प्रजातान्त्रिक देशमा गुरुस्थानमा पाप नघट्नु दुःखको कुरा हो । यो बज्रलेपै भयो ।

अदृश्य शक्तिमा त यही नेपालमा भूमिताप बढ्नुमा हाम्रो बस भएन भन्नुपऱ्यो किनभने रुख बिरुवाको र प्रकृतिको बासस्थानमा घरखेती गर्दै गयौं । प्रकृति र मानव द्वन्द्वमा थोरै सुख बढी दुःख पायौं । प्राचीन आदर्शबाट च्युत हुँदै जाँदा गुरुस्थानमा पाप गरी बज्रलेप बनाएर अरु दुःख विश्वभरबाट आयात गरिरहेछौं । गोरक्षामा चुकेर नै हामी बढी दुःखी भयौं । शक्तिको मादकतामै साम दाम दण्ड भेदको दुरुपयोग बढाउनाले हामी प्रजातन्त्रवादी देशले त्यस्तै देशबाट शोषित भएका छौं । राजा भए पनि अघिदेखि हिमवतखण्ड नेपाल प्रजामै आस्था राख्छ र राखिरहनेछ ।

अहिलेको संसार विज्ञानले हस्तामलक भएको छ । ज्ञानले हुन पाएको छैन । लाखौं नेपाली विदेशमा र त्यस्तै लाखौं विदेशी नेपालमा पनि छन् । यस्तै मौका छोपी भारत युरोप आदि मिलेर नेपालकै हिमालयमा खम्पा तिब्बती पाले । तिनलाई बाबुको सल्लाह र छोरा श्री ५ वीरेन्द्रले हटाए । श्री ५ महेन्द्रले पनि कालापानीबाहेक सबै क्षेत्रबाट भारतीय सेना हटाएरै मरे, तापनि आफ्नै टिस्टा सतलजमा प्रजातन्त्री देश भारतकै सेना सहनु परेको छ । यो त भयो सैनिकको कुरा, अरु ७२ ठाउँ जतिमा पनि हस्ताक्षेप उसैको सहनु परेको छ । यो गुरुस्थान हिमवत खण्ड नेपालप्रति पाप नै भयो । यो त भयो भयो त्यही देशको अप्रत्यक्ष दासता स्वीकार हाम्रै नेपाली नागरिकता धारी नेताहरुबाटै पनि पीडित छौं । राजनीतिकर्मीको यस्तो रवैयाले विदेशै पीडित छ भने नेपाली पीडित नहुने कुरै भएन ।

नेपाली तलबजीवी सांसद र बाबुबाजेका पैसाबाट पढ्ने डाक्टर इन्जिनियरहरुबाट जनता र नेपाली मातारुपी गुरुस्थान सदैव पीडित छन् । उनीहरु कर्तव्यभन्दा बढी प्यारो धनलाई मान्ने हुँदै गएका छन् । भूकम्पपीडितहरुको दुःख यही हो । डाक्टर गोविन्द केसीको अनसन ०११ रौं पटक यसै कारण भएको हो ।

छिमेकमा पनि यस्तै हो । भुटानले लखेटेर नेपालमै बसेका शरणार्थी भुटानी राजनीतिक दलका नेता बलराम पौडेलले यही हप्ता कान्तिपुरमा सप्रमाण लेख छपाएर भारतले खोजेको भुटानी क्षेत्र 'दोक्लाम' हामी भुटानीकै हो भन्न हुन्छ र उनैले भुटान र चीनमात्र बोल्नुपर्छ अरु बोल्न पाउँदैन भने इ.सं. १९४८ मा नेपाल भारतै हो भन्ने विश्वेश्वरप्रसाद कोइरालाले २०१६ वि.सं. नेपालमा प्रधानमन्त्री भएपछि सगरमाथा चीनसँग र हिमालय भारतसँग नेपालै हो भन्दा नेपालकै नेता भएनन् र ?

त्यस्तै भारतमै बसी नेपाली नागरिक १६००० भन्दा बढी मार्ने प्रचण्ड बाबुरामले विखण्डन बोली छोडेर एकताको बोली किन बोल्न नहुने ? यस्तो गरेमा त जंगबहादुरले कोतपर्वको पाप नयाँ मुलुक फिर्ता लिएर घटाएको जस्तै हुँदैन र ? वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले पनि आफ्नै नेपाली कांग्रेसका पूर्वसभापति विश्वेश्वरले जसरी नेपालकै भलो हुने काम मात्र गर्नुपर्छ । विखण्डनवादी देशी विदेशी बोली बोलिरहन सुहाउँदैन । यी सबै कुरा गुरुस्थानमा पाप बज्रलेप गर्न मिल्दैन ।

हामी नेपाली आफ्नै छिमेकी भारत चीनको कहिल्यै कुभलो चिताउँदैनौं, यी दुवै मिलेर नाथुला लिपुलेखबारे गरिएको सम्झौताका दफाहरु खारेज गर्नैपर्छ । यति गरिएन भने हामी तीनवटै देशका गुरुस्थानमा पाप गरिएकै मान्न के बाधा छ ? खबरदार, नेपाली नागरिकताधारी हो, नेपालीलाई नै टुक्र्याउँछु भन्ने दुःस्वप्न कहिल्यै पूरा हुने छैन । यो पनि गुरुस्थाने कृतं पापं बज्रलेपो भविष्यति ।

## अबको क्रान्ति : पर्यावरणीय

सुदर्शन प्रधान

# बाघ, चीन र नेल्सन मन्डेला–२

ती चिनियाँ बाघ विशेषज्ञहरूलाई यस पङ्क्तिकारको सुझाव छ– चीनमा जनताको मागअनुरूप बाघ र चितुवाको छाला, हड्डी र मासुको आपूर्ति चीनले गरोस्; नेपाल, भारत र अन्य मुलुकबाट चोरी पैठारी र तस्करी गरी बाघको छाला, हड्डी र मासुको कारोबार गर्नेहरूलाई मृत्युदण्डको सजाय हुने कानुन बनाउन आफ्ना शासकहरूलाई सुझाव, सल्लाह र कडा दबाब पनि दिउन् ! अझ भन्ने हो भने चीनका थुप्रै जङ्गलमा बाघ र चितुवा पालेर देखाउन् !

हो नि त, चीनमा १ लाख युआनभन्दा अधिक भ्रष्टाचार गर्ने जोकोहीलाई मृत्युदण्डको सजाय छ, चाहे ती राजनीतिक, प्रशासनिक, न्यायिक, सेना, प्रहरी, व्यापारी, उद्यमी जो हुन्, कोही पनि राज्यको कानुनी फन्दामा परेपछि गलपासो लाग्छ । यो बिलकुल ठीक छ । महान् बाघ र चितुवाको तस्कर गर्नेहरूलाई पनि त्यस्तो गलपासो लगाउने कानुन बन्नुपर्छ । तब मात्र चीनले पर्यावरणमैत्री राज्यव्यवस्थातर्फ कदम बढाएको मान्न सकिन्छ । यहाँ पनि ज्याकोब जुमाकै प्रसङ्ग आउँछ । सन् २०१० मा दक्षिण अफ्रिकामा विश्वकप फुटबल प्रतियोगिता हुँदा उनको सरकारले पर्यटक तथा नवागन्तुकहरूलाई 'दस हजार डलर तिर र सिंह मार्न हिंड' भनी आह्वान गरेको थियो ।



त्यस बेला धरतीभक्षकहरूले स्वचालित बन्दुक चलाई कति सिहं मारे, थाहा भएन तर त्यसयता सयौं सङ्ख्यामा त्यहाँको दुईसिङे गैंडा मारिएका खबरहरू आइरहेछन् । शासक नै प्रकृतिद्रोही भएपछि तस्कर र सर्वसाधारण जनता पनि प्रकृति विनाशको मार्गमा लाग्छन् । सबैलाई आर्थिक र भौतिक सम्पन्नता मात्र चाहिन्छ । पर्खेर त बस प्रकृतिद्रोहीहरू ! तिमीहरूलाई निकट भविष्यमै तिम्रा सन्ततिहरूले थुक्नेछन् !

यहाँ विश्वप्रसिद्ध काला जातिका नेता नेल्सन मन्डेलाको नाम पनि आउँछ, जसको प्रभाव र पहुँचबाट ज्याकोब जुमा दक्षिण अफ्रिकी राष्ट्रपतिमा दुई कार्यकाल चुनिए । जुमाले दोस्रो विवाह गर्दा नै मन्डेलाले झपार्नुपर्थ्यो– बहुविवाह गलत हो र चितुवाको छाला बेरी नाच्नु पनि घातक कुरा हो । मन्डेलाले ती शब्द प्रयोग गरेका भए ज्याकोबले लगातार विवाह गर्न सक्तैनथे तर महिला वर्ग र प्रकृतिप्रति नेल्सन मन्डेला स्वयम्कै सही दृष्टिकोण नहुनाको परिणाम हो यो ।

उनले विश्वमा काला जातिको स्वतन्त्रता र समानताका लागि गोराको जेलमा २७ वर्ष बन्दी जीवनका कठोर दिनहरू बिताए तर महिला वर्गको मुक्ति र स्वाधीनता, प्रकृतिको सुरक्षा र संरक्षणमा मन्डेला श्रद्धायुक्त हुन नसक्नु दुःखको कुरा हो । ९५ वर्षका उनै मन्डेला चार दिनअगि अर्थात् डिसेम्बर १०, २०१३ मा बिते । जातीय मुक्ति र राष्ट्रिय स्वाधीनताका लागि लड्ने योद्धा मात्र होइन, उनी युरोपेली, अमेरिकी, चिनियाँ र अन्य थुप्रै राष्ट्र प्रमुखहरूका श्रद्धायुक्त व्यक्तित्व पनि बने तर महिला मुक्तिवादी र धरतीवादीहरूका लागि उनको मृत्यु अरूझैं सामान्य रह्यो ।

# मैले देखेको आठौं विश्व सम्पदा : इटलीको भेनिस शहर

— सुरेन्द्र ढकाल —



घरभित्र छिर्न सबैलाई डुंगा चाहिन्छ



रियल्टो पुल यस्तो छ



सबभन्दा बढी चलेको व्यवसाय डुंगा र मोटरबोट



सनमार्को स्क्वायरमा क्याम्पानिलेको मुनि सुरेन्द्र ढकाल



लिडो जाने क्रममा पानीजहाजमा सुरेन्द्र



भेनिसको मुटु सनमार्को स्क्वायर



यस्ता पुराना घर पनि छन् भेनिसमा

पहिलो ३ महिनाको इटालियन भाषा सिकाइपश्चात हामी वैदेशिक विद्यार्थीलाई हाम्रो सार्वजनिक प्रशासन स्कुलले सिसली टापु घुमाउन लगेको थियो । तत्पश्चात् हामी फेरि दोस्रो तीन महिने कोर्शअन्तर्गत ३० प्रतिशत इटालियन भाषा र ७० प्रतिशत इटालियन सार्वजनिक प्रशासन अध्ययन गर्न थाल्यौं । मार्च १९८६ मा हाम्रो दोस्रो ट्रिमेस्टर पनि सकिएपछि तेस्रो ट्रिमेस्टर शुरू गर्नुभन्दा अगाडि हामीलाई उत्तरी र केन्द्रीय इटलीको अवलोकन भ्रमणमा लगियो । सुदूर दक्षिण इटलीको रेज्जो कालाब्रीयाबाट हामी दिउँसोको ३ बजे ट्रेन चढ्यौं र भोलिपल्ट बिहान हामी विश्व प्रसिद्ध नहरै नहरको शहर भेनिस पुग्यौं । होटलमा कोठा तय भई ब्रेकफास्ट लिइसकेपछि सानमार्को स्क्वायरबाट हाम्रो भेनिस शहर अवलोकन सुरू भयो । हुन पनि नहरै नहरको शहर भने जस्तै हरेक घरको अगाडि वाहनको रूपमा हामीकहाँ साइकल, मोटरसाइकल र कार भएजस्तै त्यहाँ गरिबको भए हरेक घरको ढोकामा काठको डुंगा (गोन्दोला) र धनिको घर अगाडि भए विभिन्न किसिमका मोटरबोट हुँदा रहेछन् । हामीलाई त्यहाँ पहिले सानमार्को स्क्वायर र त्यहाँ भएको चर्च र दोजी दरबार, त्यसपछि घण्टाघर (काम्पानीले), रिआल्तो पुल देखाएपछि जहाज चढेर मुरानो टापु र पौडी खेल्ने समुद्री किनार लिडो लगियो र फर्कने क्रममा मुख्य नहर (कानाले ग्रान्दे) हुँदै पुनः सानमार्को स्क्वायरमा ल्याएर छोडेपछि हाम्रो भेनिस शहर हेर्ने कार्य सकियो ।

## भेनिश शहर

इटलीको सुदूर पूर्वीउत्तरमा भेनिस शहर रहेको छ । यो ११८ वटा टापुहरूको समूह हो । यी टापुहरूलाई नहरले जोडेका छन जस्माथि विभिन्न ठाउँहरूमा कलात्मक पाराले संस्कृति झल्कने गरी पुलहरू बनाइएका छन् । इटलीको सांस्कृतिक शहरको रूपमा विश्वविख्यात भेनिश शहर यूनेस्कोको विश्व सम्पदा सूचीमा रहेको छ । २०१४ को तथ्यांक अनुसार भेनिसको कम्युनमा २ लाख ६५ हजारको हाराहारीमा जनसंख्या रहेको थियो । इशापूर्व दशौं शताब्दीमा यहाँ इण्डोयुरोपियन मूलका भेनेटी भन्ने जातिहरू बस्ने गर्दथे र त्यहीँबाट यस शहरको नाम भेनेसिया बन्न पुगेको हो । यसलाई नहरै नहरको शहर, आद्रिआटिक समुद्रकी रानी, सुन्दर कलात्मक पुलहरूको शहर आदिको नामबाट पुकारिन्छ । १७ औं शताब्दीसम्म रेशम, अन्न र मरमसलाहरूको अन्तर्राष्ट्रिय ब्यापार केन्द्रको रूपमा रहेको भेनिस शहर पछि गएर अन्तर्राष्ट्रिय वित्तीय केन्द्र पनि बन्न पुग्दा यो इटलीको धनिमध्येको अति धनी शहर गनिन पुग्यो । शुरूमा पश्चिमी रोमन साम्राज्यको अधिनमा रहेको भेनिस शहर पुनर्जागरण बेला यहाँको कला संस्कृतिको विकासको कारण विश्वविख्यात बन्न पुग्यो । शहर विश्वविख्यात भएकै कारण युरोपका विभिन्न वंशहरूले विभिन्न समयमा भेनिशमाथि आफ्नो शासन लादे । पछि सन् ६९७ मा भेनिसमा गणतन्त्र स्थापना भएको थियो । त्यसपछि पनि भेनिस कहिले कसको कहिले कस्को अधीनमा रहि नै रह्यो । सन् १८६६ मा इटलीको एकिकरण हुनु अघिसम्म यो शहर अष्ट्रियन साम्राज्यको अधिनमा थियो । सिम्फोनिक र ओपेरा संगीतमा भेनिसको नाम एक नम्बरमा आउँछ भने भेनिस शहर विश्वविख्यात संगीत कम्पोनिष्ट आन्तोनियो भिभाल्दीको जन्मस्थल पनि हो । पर्यटकीय सिजनमा भेनिस शहरमा हरेक दिन त्यहाँका जनसंख्याभन्दा बढी पर्यटक आउने कारण त्यहाँका होटलहरूलाई पर्यटक धान्न गाहारो पर्दछ र शहरको कमाइको मुख्यमध्ये एक स्रोत पर्यटन नै हो । यूरोपको अति धनी र महँगो शहर मानिने भेनिसमा १३ औं शताब्दिमा नै ठूला साना गरी ३३ सय डुंगा र ३६ हजार डुंगा व्यवशायी रहेका थिए ।

सन् १३४८ मा फैलिएको महामारी प्लेगको कारण ५० हजार र सन् १६३० भएको प्लेगको पुनरावृत्तिको कारण एकलाख पचास हजार मानिसको ज्यान गएको थियो । पछि अठारौं शताब्दीमा आएपछि भेनिस फेरि चम्कन शुरू गऱ्यो । दोस्रो विश्वयुद्धमा इटलीका शहरहरू ध्वस्त भए तापनि भेनिस भने जोगियो । भेनिसमा हरेक दिन ६० हजार र वार्षिक ३ करोडभन्दा बढी पर्यटकहरू विश्वका विभिन्न ठाउँहरूबाट आउँछन् । यतिका धेरै पर्यटकलाई त्यहाँको नहरले धान्न सक्तैन भन्दै सन् २०१७ युनेस्कोले यस जीवित म्युजियमको रूपमा रहेको विश्व सम्पदालाई खतराको सूचीमा पनि राखेको थियो ।

**Remember us for the Construction of Private and Public Works**

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
**Upto 15KVA**
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

**सम्भव भएसम्म मुलुककै स्रोत र साधनको प्रयोग गरी मुलुकलाई आर्थिक एवम् औद्योगिक रूपमा टेवा पुऱ्याउने बानी बसालौं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

आधा आकाश

■ शिवराज खत्री

# सकसमा बाँचेको जीवन

अछाम । मंगलसेनकी ५० वर्षीया सुपारी बादीलाई पाँचजनाको परिवार पाल्न निकै सकस छ । १० वर्ष पहिले श्रीमान् बितेपछि आफू र चार छोराछोरीको लालनपालनको जिम्मा उनकै थाप्लोमा थोपरियो । सम्पत्तिको नाममा एक आना पनि जग्गा नहुँदा उनी कहिले ज्याला-मजदुरी गरेर त कहिले मागेरै दैनिकी गुजार्ने गर्छिन् । 'उमेर पनि ढल्किसक्यो, अब त शरीरमा तागत पनि छैन, ज्याला-मजदुरी नगरेको दिन बेलुकी अँगेनामा आगो बल्दैन,' सुपारीले बिलौना पोखिन्, 'काम नपाएको दिन बजारमा माग्न जान्छु, मागेर ल्याएको अन्न र पैसाले बासा र छकाल (बेलुकी र बिहान)को छाक टर्छ । कसैले दया गरेर दिए त खान पाइयो नत्र भने भोकै पनि बस्नुपर्छ ।'

उनको परिवार अहिले मंगलसेन-५ स्थित एक नगार्जीको घर भाडामा लिएर बसेको छ । उक्त घरको मासिक एक हजार रुपैयाँ भाडा तिर्नुपर्छ । 'खुला चौरमा बस्न सकिँदैन, घामपानीबाट बच्नका लागि पनि कतै न कतै बास बस्नैपर्‍यो,' सुपारीले बाध्यता सुनाइन्, 'घरधनीले धेरैपटक घर छोडेर जान भनिसक्यो, तर अर्को ठाउँ बस्ने आधार नभएकाले छोडेर जान सकिएको छैन ।' कहिलेकाहीँ त नखाइनखाई भाडा मात्रै पनि तिरेकी छन् उनले । बल छँदा ज्याला-मजदुरी गरेर दैनिकी चलाउँथिन् उनी, तर अहिले उनको शरीर गलिसकेको छ । कमजोर देखिएकाले उनलाई काममा बोलाउँदैनन् । काम गर्छु भनेर गयो । घाटा हुन्छ, तँ काम गर्न सक्दिनस् भन्ने गरेको गुनासो पोखिन् ।

मंगलसेनकै मामिता र उनका श्रीमान् शङ्कर पनि सदरमुकाममा ज्याला-मजदुरी गरेर ६ जनाको परिवारको लालनपालन गरिरहेका छन् । कतै ज्याला-मजदुरी गर्ने काम पाएको दिन श्रीमान्-श्रीमती दुवै काममा जान्छन् भने काम नपाएको दिन मामिता बजार तथा गाउँघरमा माग्न जान्छिन् । 'काम पाएमा दुवै बूढाबूढी ज्याला-मजदुरी गर्न जान्छौं नत्रभने श्रीमती माग्न जान्छिन्,' शङ्करले भने, 'बूढाबूढीले काम गरेर ल्याएको दिन बच्चाहरू पेटभरि खान पाउँछन् । मागेर ल्याएकाले त कहिलेकाहीँ त छाकै टर्दैन । भोक लाग्यो भनेर बच्चाहरू रुवाबासी गर्छन् । पानी खायो, निदायो । भोलिपल्ट फेरि माग्न निस्कियो ।'

दुईछाक खानकै लागि मात्र पनि जीवनभर सङ्घर्षरत बादी समुदायका



बालबालिकाले विद्यालय टेक्नै पाएका छैनन् । सुपारी र मामिता बादी मात्र होइन सदरमुकाम मंगलसेन बस्ने कसैको पनि जग्गाजमिन छैन । उनीहरू सबैले मागेर तथा ज्याला-मजदुरी गरेर नै परिवारको लालनपालन गरिरहेका छन् । उनीहरूको पुर्खाको नाममा जमिन नभएको भने होइन । अछामी राजाले सदरमुकाम मंगलसेनमै बादीलाई घडेरीको रूपमा जमिन दिए पनि आफ्ना पुर्खाहरूले बिक्री गरेर खाएको स्थानीय शङ्कर बादीले सुनाए । परापूर्वकालमा अछामी राजाले दरबारमा नाचगान गरी मनोरञ्जन गराउनका लागि कुमाउँ-गढवालबाट बादीहरूलाई बोलाएका थिए । नाचगान गरेर मनोरञ्जन प्रदान गरेरै पुर्खाहरूले समय बिताए पनि आफूहरूलाई भने अहिले आएर बाँच्नै गाह्रो भएको उनले सुनाए । कालान्तरमा तीमध्ये धेरै त त्यहाँबाट अन्यत्र गइसकेका छन् । अहिले नौवटा परिवार भने मंगलसेनमा बस्दै आएका छन् । पहिलापहिला आफ्ना सरसामान बोकेर गाउँ डुल्दै हिँड्ने र जहाँ रात पर्छ त्यहीँ बस्ने बादी महिला डेरामा बस्न थालेका छन् ।

कैलालीलगायतका बादी महिलाले परम्परागत रूपमा यौन-व्यवसाय गर्थे । पछिल्लो समयमा खुला रूपमा यस्तो पेसा छोड्दै गएका छन्, तर यहाँका केही बादी महिला भने अप्रत्यक्ष रूपमा अहिले पनि यौन-व्यवसाय गर्न बाध्य छन् । उनीहरू यहाँका उच्च व्यक्तित्वहरूसँग सम्पर्कमा रहन्छन् र त्यसैबाट आएको रकमले जीवन चलाउँछन् । ठूलासेनकी फुगी बादी युवा महिला भित्रभित्रै यौन पेसामा संलग्न भएको सजिलै स्वीकार गर्छिन् । उनी भन्छिन्, 'बुड्डीहरू गिटी कुटेर खान्छ, छोरीहरू ठूलाहरूसँग जान्छ । के गर्नु बाँच्नु त पर्छ नि ।'

अछामको मंगलसेन, साँफेबगर र विनायकमा गरी नौ परिवार बादीको बसोवास रहेको तथ्याङ्क छ । जसमध्ये साँफेबगरमा बस्ने तीन परिवार र विनायकमा बस्ने एक परिवारको नाममा मात्र घडेरी छ भने मंगलसेनमा बस्ने कुनै पनि परिवारको घडेरी छैन । आफ्नो नाममा एक आना पनि जग्गा नहुँदा मंगलसेनमा बसोवास गर्ने बादी परिवार कसैले पनि सरकारले दुई वर्ष पहिले ल्याएको जनता आवास कार्यक्रमबाट लाभ लिन सकेनन् । जनता आवास कार्यक्रममार्फत सरकारले आफ्नो नाममा जग्गा भएका बादी परिवारलाई घर निर्माण गरिदिने कार्यक्रम ल्याए पनि तिनले उक्त सुविधा उपभोग गर्न नपाएका हुन् । 'यहाँ बस्ने बादी परिवार आफूसँग जग्गा छैन र कसैले दिएन त्यही भएर उनीहरूलाई घर निर्माणका लागि आएको रकम फिर्ता गयो,' जिल्ला समन्वय समितिका सामाजिक विकास अधिकृत खडक विष्टले भने ।

सरकारले लोपोन्मुख बादी जातिलाई घर निर्माण गर्ने कार्यक्रम ल्याउँदा जोसँग जग्गा छ त्यो परिवार लाभान्वित भए पनि जोसँग एक आना पनि जग्गा छैन त्यस्ता सुकुम्बासीका लागि भने सरकारको यो कार्यक्रमले कुनै प्रभाव पारेको छैन । जग्गा नहुनेका लागि घर निर्माणको कार्यक्रमभन्दा पनि सरकारले जग्गा दिने कार्यक्रम ल्याउनुपर्ने उनीहरूको माग छ । जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालयलगायतका निकायमा माग राखे पनि सुनुवाइ हुन सकेको छैन ।

सरकारले जनता आवास कार्यक्रमअन्तर्गत एउटा घर निर्माण गर्न दुई लाख २५ हजारका दरले नौ परिवारका लागि २२ लाख ५० हजार रकम निकासा गरेको थियो । सहरी विकासमार्फत निकासा भएको उक्त रकम फिर्ता गइसकेको छ । । बादी समुदायले सुकुम्बासी समस्या समाधान आयोगमा दुई वर्ष पहिले जग्गाका लागि निवेदन पनि दिएका थिए । निवेदनको कुनै सुनुवाइ नै भएन । 'सरकार पनि जोसँग जग्गा छ त्यसैलाई थप जग्गा दिन्छ, हामीजस्ता सुकुम्बासी बादी परिवारलाई भने कहिलै पनि हेर्दैन,' शङ्करले भने, 'हामी त यो देशका नागरिक नै होइनौं कि जस्तो लागेको छ ।'

*(संचारिका फिचर सेवा)*

# बिराटनगरमा देशकै नमूना बालभेला

**साजन पासवान**

स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि बिराटनगर उपमहानगरपालिकाले नमूना अभ्यासको थालनी गरेको छ । बालबालिका केन्द्रीत योजना निर्माण थालनी गर्ने देशकै पहिलो स्थानीय तह बिराटनगरले बाल सहभागिता गराउने मामलामा पनि नमूना अभ्यास थालनी गरेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले बालभेला सञ्चालन सम्बन्धी निर्माण गरेको बिधिमा एक दिन मात्र बालभेला गर्ने कार्यविधि तोकिएकोमा बिराटनगरले नगरस्तरीय बालभेला मात्र तीन दिन गर्ने प्रचलन सुरु गरेको छ ।

'एक दिनको बालभेला समयको हिसावले अपुग भएकाले नगरपालिकाकै स्रोत र साधनमा तीन दिन बालभेला गर्ने परिपाटी सुरु गरेका हौ ।' उप महानगरपालिकाका बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति डिल्ली धिमालले भने -'बिराटनगरको सेवा क्षेत्र, जनसंख्या र बालबालिकाको प्रतिनिधित्वलाई ख्याल गर्दा एक दिनको बालभेला त चिनजानमा नै बित्छ, यसैले बालबालिकाले आफनो भावनालाई अभिव्यक्त गर्ने प्रसस्त समय होस भनेर समय अभावलाई बिस्तार गरेर तीन दिन बनाएका हौ ।'

यो निर्णयबाट बालबालिकाहरु पनि खुशी भएका छन् । 'एक दिनको बालभेलामा हाम्रो बोल्ने पालो नै आँदैन थियो ।' बालभेलामा भाग लिन आएकी सम्झना थापाले भनिन् । 'तीन दिन बाल भेला भए पछि आफूलाई लागेको कुरा खुलस्त गर्न र छलफल गर्ने प्रसस्त मौका पाएका छौ ।'

स्थानीय तहका बालबालिका लक्षित योजना तथा कार्यक्रम तर्जुमा गर्नका लागि बालभेला आयोजना गर्ने गरिन्छ । नेपाल सरकारले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यन्वयन कार्यविधि २०६८ जारी भए पछि स्थानीय तहको योजना तथा विकासमा बालबालिकाको समाबेशी र सहभागितामूलक पद्धति अवलम्बन



गर्नु पर्ने नीतिगत व्यबस्था गरेको छ । यही नीतिगत व्यबस्था अनुसार योजना तर्जुमामा बाालिकाको सहभागिता पनि सुनिश्चित गराईएको छ ।

यस्तो बालभेला नगर तथा गाउँस्तरमा अनिबार्य गर्नू पर्ने नीतिगत व्यबस्था छ भने वडा तहमा पनि बालभेला गरी बालबालिकाको सहभागितालाई गुणस्तर बनाइन्छ । वालवालिकाहरुको योजना छनौट गर्नु पूर्व वालवालिकाहरुको वालभेला गर्नु पर्ने हुन्छ । सामन्यतः यस्तो बालभेला स्थानीय तहको योजना तर्जुमा प्रक्रिया सूरु हुन पूर्व मंसीरको पहिलो साता सम्पन्न गर्नु पर्ने हुन्छ । बिराटनगरमा पनि यही नीति बमोजिम बालभेला गरिएको छ ।

बिराटनगर उपमहानगरपालिका प्रदेश नम्बर १ को पहिलो बालमैत्री नगर हो । यो नगरले नेपाल सरकारले तोकेको ३९ वटा सूचक पूरा गरी स्थानीय तहको नीति कार्यक्रम र सहभागितामा बालमैत्री व्यबहार र वालमैत्री संरचना तयार गरी सकेको छ । यसै कारण बालमैत्री नगरको साखलाई बचाई राख्न नौलो ढंगले बालभेला व्यवस्थित र प्रक्रियागत रुपमा सञ्चालन गर्ने क्रममा तीन दिने बालभेला आयोजना गरिएको हो ।

बालभेला सम्पन्न गर्न स्थानीय तहका बालमैत्री सम्पर्कव्यक्ति वा सामाजिक परिचालकको बिशष भूमिका रहने मन्त्रालयबाट प्रकासित नीतिपत्रमा उल्लेख छ । सरकारले तोकेको नीतिकै परिधमा रहेर बालभेला सन्चालन गर्दा मूलतः तीन चरणका लागि कार्यतालिका निर्माण गरेर बालभेला गर्ने गरेको बिराटनगर महानगरपालिकाका कार्यकारी अधिकृत दीपक कोइरालाले बताए । 'बालभेला आयोजना पूर्ब नै बालक्लबलाई व्यवस्थित भए नभएको समूदाय र बिद्यालयको तथ्याँक अध्यावधिक गर्ने गरिन्छ । त्यस पछि बाल क्लबहरुको गठन र पूनर्गठन गरिन्छ । अनि मात्र बालभेला गर्ने परिपाटी बसालिएको छ ।'

कार्यकारी अधिकृत कोइरालाले भन्दै थिए -'बाल क्लबबाट बालभेलामा सहभागी हुने बालक र बालिकाको सुनिश्चितता गरेर सहभागीहरुको नामावली अध्यावधिक भएपछि मात्र बालभेला आयोजना गर्ने मिति र स्थानको तय गर्दा अर्थपूर्ण हुन्छ ।'

बालभेला आयोजना गर्दा समूह बिभाजन र समूहको सहजीकरणलाई सफलताका कारकका रुपमा लिइन्छ । बालभेलामा सहजीकरण गरीरहेकी शर्मिला गुरुङले भनिन् 'बालभेलामा मूलतः तीन प्रकारको औजार प्रयोग गरिन्छ । बालबालिकाहरुलाई चित्र मार्फत मन पर्ने र मन नपर्ने कुराहरु प्रकट गराइन्छ । उनीहरुलाई सुरक्षित र असुरक्षित स्थान पहिचान गर्न प्रोत्साहित गरिन्छ । र अन्त्यमा परिकल्पना गरी गाऊ नगरलाई कस्तो बनाउने भनेर चित्र मार्फत प्रकट गराक्ष्न्छ । यसैगरी शरीर नक्सांकन गरी हिजोको अवस्थाबाट कसरी परिवर्तन भएको छ भनेर मूल्याँकन गर्न लगाइने गरिएको छ ।'

चित्रबाट आएका मन पर्ने र नपर्ने, सुरक्षित र असुरक्षित तथा परिकल्पनाबाट आएका सवाल र समस्या र माँग छुट्याउनु नै बाल भेलाको मूख्य चुनौति हो । महानगरका सामाजिक तथा महिला तथा बालबालिका शाख प्रमूख धिमालका अनुसार आएका सवाल, समस्या र माँगका आधारमा योजना तथा कार्यक्रमको प्राथामिकिकरण गर्नु जटिल हुन्छ । 'उनीहरुको सामस्या र सवाललाई प्राथामिकीकरण गर्न मतदानको प्रक्रियामा लैजाने गरेका छौ । बालबालिकाले प्राथामिकता निर्धाण गरेपछि हामी माईन्युटमा उताछौ ।' उनले थपे ।

बिराटनगर उपमहानगरमा थालिएको तीन दिने बालभेला एक पर्बका रुपमा आयोजन ागर्ने परम्पराबाट पुस्ताहस्तान्तरणमा पनि सहज भएको नगरस्तरीय बाल सञ्जालका निवर्तमान अध्यक्ष प्रितम शाहले बताए । 'बालक्लबमा सधै नयाँ अनुहार हुने भएकाले यो निरन्तर अभ्यास गर्ने थलो हो । यो प्रक्रियाले नयाँले धेरै जानकारी प्राप्त गर्ने र पुरानाले मार्गनिर्देशन गर्ने अवसर प्राप्त गर्छन् ।'

*(मिरेस्ट नेपाल लेखमालाबाट)*

बांगा कविता

# वीर



● प्रेम ओली
(ढकलपुरे)

अस्पातलहरुमा साँच्चैको वीर थियो
स्वास्थ्य क्षेत्रमा नेपालको यो शिर थियो
कतै क्यै होला कि भनी
सरकारलाई पनि यसको पीर थियो
तर अहिले बूढो भयो कि ?
रातभरी ख्याक्क ख्याक्क खोक्छ
मानौं यसलाई कुनै ठूलै रोग छ
घ्यारघ्यार सास नभएको बुढो कुकुरजस्तै
भुक्छ
कहिले कनीकनी सिसा फुटेको झ्यालबाट
सडकपेटीतिर थुक्छ
नयाँ बिरामी आयो भने खैकिन
भर्ना गर्न छाडी झन् कोठातिर लुक्छ
बेडमा सुत्यो भने कटकटी बिझाउने
नर्सलाई सोध्यो भने त्यसैत्यसै रिसाउने
खै यहाँ छिरेकी
डक्टर नर्सलाई पनि के के हुन्छ
मानौं उनीहरुलाई यहाँ महामसानले छुन्छ
निजी अस्लतालमा गयो भने
यिनै डाक्टर नर्स बिरामीसँग मुस्काउने
यहाँ छिर्यो कि बिरामीसित त्यसै ठुस्काउने
निजी नर्सिङ्गहोममा छिरे नरम हुने
यता छिरे कि तिनै खै किन गरम हुने
भुत लाग्या हो कि राजनीति लाग्या हो
सुधार गर्छु भन्ने बिचरा मन्त्री थाक्या हो
यहाँ कामकिन सित्तैमा गरेको जस्तो ?
मानौं यिनको पेट निजीले मात्र भरेको जस्तो
उनीहरुको क्लिनिकमा गयो भने
त्यही डाक्टर कती मिठो बोली बोल्ने
वीरमा छिरेपछि
त्यही डक्टरको बोलीले सिस्नोलेझैं पोल्ने
वीर
तिमी साँच्चै बूढो भाको हो कि
डाक्टर नर्स यस्तै पाको हो ?
कहिले के चल्दैन रे कहिले बिग्रेको रे
के तिमीलाई साँच्चै बूढेसकाल लागेको हो ?
तिमीकहाँ उपचार गराउन भनी
दुरदराजबाट आएपछि
खै कसले किन अर्कै ठाउँमा पो पुर्‍याए
यसको जाँच यसको जाँच भन्दै
बाटो खर्च पनि नराखी सब तिराए
तिम्रो दरबार त भुतबङ्गलाजस्तो पो लाग्यो
बिरामी कुर्न बसेको छोरो पनि
तिम्रो डरले सुइँकुच्चा ठोकी पो भाग्यो
भन त वीर
कसरी तिमी यस्तो बूढो भयौ
सबको रोग निको पार्ने तिमी
कसरी आँफै यस्तो रोगी भयौ ?

अध्यात्म

# हरिनाम रस समस्त प्राणी मात्रका लागि

पूज्य कविप्रसाद गौतम हरेराम संकीर्तन मण्डल, जानकी जीवन कुञ्ज, पशुपति देवपत्तन, काठमाडौं जुन अध्यात्मिक संस्था नेपालको निकै पुरानो संस्था मानिन्छ । जसको स्थापना वि.सं. १९८६ सालमा भएको थियो ।

यो संस्थाको संस्थापक जीववत्सल, नामावतार परम पुज्य राम गुरू कविप्रसाद गौतम हुनुहुन्छ । हाल यो संस्था आराध्यदेव पशुपतिनाथ मन्दिरको सान्निध्य भुवनेश्वरी मन्दिरको पश्चिमतिर अवस्थित छ । मानवको परम धर्म भगवानको नाम ग्रहण र चरित्र श्रवणादिद्वारा भगवानमा भक्ति योग स्थापित गर्नु हो । सत्य, त्रेता, द्वापरमा ध्यान यज्ञ पूजाद्वारा जुन हरि प्राप्त हुन्थ्यो, कलिमा केवल हरि कीर्तनले प्राप्त गर्न सकिन्छ । हरिरामको ओत नभई कुनै धर्म, कर्म, जप, तप, पाठपूजा सफल हुन सक्दैन ।

सत्य सनातन धर्मको मूल जरो हो हरिनाम । पूज्य रामको भनाइ शास्त्रको निचोड नै हरि भजाउनुबाहेक अरू केही छँदैछैन । योग, तप संन्यासको फलस्वरूप महर्लोक, तपलोृक र सत्यलोक आदि उत्तम लोक प्राप्त हुन्छन्, भक्तियोगले मेरो परमधाम प्राप्त हुन्छ, र ममा नै मिल्दछ । यस्ता धर्मशास्त्रका प्रमाण नै हरिनाम कीर्तनको मूल आधार हो ।

'म कहिले तृण, लता, पात पतिंगरसम्मले पनि हरिनाम बोलेको सुन्न पाउँला' यो उद्‌गार नामावतार, रसावतार राम गुरू पुज्य कविप्रसाद गौतमको हो । सम्पूर्ण प्राणीको आत्यन्तिक कल्याणको निम्ति हरिनाम संकीर्तन नै महामार्ग हो । जब व्यक्ति हरेक कर्मबाट ठक्कर खाँदै, दिग्भ्रमित हुँदै निराश बन्छ, सबैबाट तिरस्कृत बन्छ, हेला हुन थाल्छ, सबै ढोकाहरू उसका लागि बन्द हुन्छन्, तब खुल्छ हरिनाम संकीर्तनको मूलद्वार । त्यही आश्रय पाउनेछ, विश्रान्ति पनि पाउनेछ । त्यसैले पुज्य रामगुरूबाट हरिनाम सुगम होसु भनेर अहोरात्र संकीर्तनको आश्रम खोल्नुभएको हो ।

हरिनामको सन्मुख होस जीवनको सारभूत सिद्धान्तबाट कोही पनि विचलित नहुन्, सहज प्राप्त गर्न सकुन् भन्ने अभिप्रायबाट पूज्य रामका अनुयायीहरूले प्राणी मात्रको कल्याणलाई आफ्नो जीवनको एक मात्र उद्देश्य मानेर यो अभियानमा सम्मिलित हुनुभएको छ । को पुरानो, को नयाँ, को धनी, को गरिब, विभेद छैन, जातीय विभेद पनि छैन, सम्प्रदायको विभाजन पनि छैन । धर्म, कर्मको साँघुरो सीमा पनि छैन । छ त केवल



प्राणी मात्रको कल्याण चिताउन तत्पर छ कि छैन, भगवानको नाम संकीर्तनको चाहना छ कि छैन । नाम संकीर्तनले मात्र अपमान, तिरस्कार, कल्मष आदि तापले जलिरहेको र छटपटाइरहेका जनहरूलाई उसको हृदयमा शीतलता दिन सक्छ, पूज्य रामले छोड्नुभएको अमृतमय भक्तिरसको सिर्जना हुन्छ । कृष्णको चरणमा शरण पर्न चाहना गर्नेहरूका लागि अनुभव गर्ने स्थान नै हरिनाम संकीर्तन हो । अमृतरूपी नामको रसायनबाट सिर्जित आनन्दको उत्कर्ष अनुभूतिले हरिनामको महत्व बल्ल ज्ञात हुनेछ ।

रोम रोम छिद्र छिद्र नाम संकीर्तनबाट सुखानुभूति प्राप्त गरिसकेपछि अरू मार्गको आवश्यकता कहाँ रहन्छ र ? भक्तहरूको विरहरूपी संकीर्तनले वातावरणलाई यति सुन्दर बनाउँछ कि स्वर्गको चाहना किन ? आँखाबाट अविरल बग्ने नामरूपी रसायनबाट पग्लिएको आँसुलाई दर्शन गर्न पाउनुलाई अत्यन्त भाग्यमानी रहेको अनुभूति हुन्छ ।

पुज्य राम गुरूले त्यो भाग्य त्यो आनन्द, त्यो अमृतमय सुखानुभूति वितरण गर्न दिनुभएको हो । त्यो फलको सबै प्र्राणीले अनुभूति गर्न पाउनु पूज्य रामको अन्तिम सदिच्छा पनि हो । सबैका लागि पुज्य कविप्रसाद गौतम हरे्राम संकीर्तन मण्डल जानकी जीवन कुञ्ज, पशुपति देवपत्तन खुल्ला छ । जहाँ अखण्ड हरिनाम संकीर्तन, नित्य हवन, नित्य श्राद्ध, श्रावण/भदौ महिनाभरि श्रीराधाकृष्णको झुला, सखा पूजा सखी पूजा, नारायण सन्त नारायण महायज्ञ, कृष्णनाम, राम नाम आदि उत्सवहरू निरन्तर आयोजना भइरहेका हुन्छन् । श्रीहरि शरणम् । जय कविराम ।

प्रस्तुति : आध्यात्मिक संस्था

प्रेरक

## बालकको देशभक्ति



एकपटक स्वामी रामातीर्थ जापान पुगेका थिए । त्यहाँ उनको खुब सत्कार गरियो । भ्रमणका दौरान उनलाई एउटा स्कुलमा आमन्त्रित गरियो । स्कुल घुम्न गएका बेलामा के सोचेर हो कुन्नि स्वामी रामातीर्थले एकजना सानो विद्यार्थीसँग सोधे- तिमी कुन धर्म मान्छौं । बौद्ध धर्म- विद्यार्थीले गौरवसाथ जवाफ दिए । स्वामीले फेरि प्रश्न गरे- महात्मा बुद्धको बारेमा तिम्रो के विचार छ । एकछिन सोचेर ती विद्यार्थीले जवाफ दिए- बुद्ध त भगवान हुन् । यति भन्दै उसले मनमनै बुद्धको ध्यान गरेर आफ्नो देशको प्रथाअनुसार बुद्धलाई प्रणाम गऱ्यो । तब स्वामीले ती विद्यार्थीलाई फेरि सोधे- तिमीलाई कन्फ्युसियसबारे केही थाहा छ ? विद्यार्थीले श्रद्धाभावले जवाफ दिए- कन्फ्युसियस एक महान सन्त थिए । उनले बुद्धलाई जसरी नै कन्फ्युसियसलाई पनि मनमनै ध्यान गरेर प्रणाम गरे । त्यसपछि स्वामीले मुस्कुराएर प्रश्न गरे- अब मेरो एउटा प्रश्न छ, यसको जवाफ देऊ । मान यदि कसैले तिम्रो देशमा आक्रमण गर्छ र त्यो आक्रमणकारीको सेनापति बुद्ध या कन्फ्युसियस हुन्छन् भने तिमी के गर्छौं । स्वामीले यति भन्नासाथ विद्यार्थीको अनुहार क्रोध र जोशको मिल्दोजुल्दो जोशले तम्तमायो । उनले कड्केर बोले- म आफ्नो तरबारले बुद्धको टाउको छिनाउनेछु र कन्फ्युसियसलाई लात हान्नेछु । स्वामी रामतीर्थ बालकको यो जवाफ सुनेर अत्यन्त प्रसन्न भए- उनले ती बालकलाई बोकेर उनको अनुहार चुम्दै भने- जुन देशको रक्षक तिमीजस्तो महान हुन्छ त्यो देशको कसैले केही बिगार्न सक्दैन ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

मौका आए पनि काममा हात हाल्नुअघि विचार पुऱ्याउनुहोला । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् भने अवसरवादीहरूले फसाउने चेष्टा गर्नेछन् । दिगो फाइदा हुने जिम्मेवारी भने प्राप्त हुनेछ । आम्दानीका स्रोत भेटिए पनि धेरै फाइदा उठाउन नसकिएला । आजको आम्दानी र सञ्चित रकम साँझतिर खर्चनुपर्ला । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ ।

### बृष

समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । आजको मिहिनेतले कीर्तिमानी दिलाउन सक्छ । प्रयत्न गर्दा महत्वपूर्ण वस्तु लाभ होला । सहयोगीहरूले हिम्मत दिलाउनेछन् । व्यापारमा राम्रो फाइदा हुनेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । साँझदेखि जीवनशैली व्यस्त रहनेछ तर उपलब्धिविहीन काममा समय बित्न सक्छ । अरूका लागि उपयोग भइने सम्भावना छ ।

### मिथुन

काम बिग्रने भयले सताउनेछ । न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुऱ्याउनुहोला । साँझदेखि सामाजिक उत्तरदायित्व हातलाग्न सक्छ । रोकिएका काम सम्पादन हुनेछन् । नयाँ कामको जिम्मेवारी प्राप्त हुनेछ । धार्मिक तथा परोपकारजन्य क्रियाकलापबाट प्रतिष्ठा पाइनेछ । मिहिनेत गर्दा भाग्यले साथ दिनेछ ।

### कर्कट

परिस्थिति अनुकूल रहे पनि जीवनशैली व्यस्त रहला । निम्तो आए पनि आतिथ्य खर्चिलो बन्न सक्छ । भौतिक सुविधाले खर्च निम्त्याउला । बोली-व्यवहारमा संयम रहँदै शुभचिन्तकहरूको भावना बुझ्ने चेष्टा गर्नुहोला । साँझदेखि काममा बाधा र स्वास्थ्यसम्बन्धी चिन्ताले सताउन सक्छ । सानोतिनो समस्याले अल्झाउनेछ भने श्रमको कम मात्र मूल्य प्राप्त हुने देखिन्छ ।

### सिंह

ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन् । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । साझेदार तथा आफन्तसँग असमझदारी बढ्न सक्छ । रमाइलो क्षणमा समेत व्यावहारिक समस्याले पछ्याइरहला । वादविवादबाट जोगिँदै समयको गतिलाई पछ्याउने प्रयत्न गर्नुहोला । साँझतिर बुद्धिको उपयोगले मात्र अप्ठ्यारा परिस्थिति सुल्झाउन सकिनेछ ।

### कन्या

आँटले सजिलै लक्ष्यमा पुऱ्याउनेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । प्रतिष्ठित काम सम्पादन गर्ने अवसर प्राप्त हुनेछ । सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ । दिगो फाइदा हुने काम सम्पादन हुनेछ । साँझदेखि गोपनीयता बाहिरिनाले काममा समस्या आइपर्ला । हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ ।

### तुला

पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । कृषि तथा पशुधनले फाइदा दिलाउनेछ । साँझदेखि पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ । महत्वाकांक्षी योजना प्रारम्भ हुनेछन् भने पढाइलेखाइमा पनि प्रगति हुनेछ ।

### बृश्चिक

पहिले दिएको वचनले अप्ठ्यारो पार्न सक्छ । निरन्तरको प्रयत्नले मात्र काम बनाउन सकिनेछ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला । प्रतीक्षित नतिजा कमजोर देखिए पनि दोहोर्याएर प्रयत्न गर्दा काम बन्न सक्छ । साँझदेखि घरेलु समस्या देखा पर्न सक्छ । प्रक्रिया नमिल्नाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ ।

### धनु

अरूको विषयमा चासो राख्दा नैतिक प्रश्न देखापर्न सक्छ । आलोचकहरूलाई व्यवहारले समेट्ने चेष्टा गर्नुहोला । लेखन तथा सिर्जनात्मक कामले प्रतिष्ठा दिनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । सहयोगीहरूले साथ दिनेछन् भने अहिले मिहिनेत गर्दा पछिसम्म लाभ हुने काम प्रारम्भ हुन सक्छ । साँझदेखि पहिलेका कमजोरीलाई सुधार गर्ने अवसर प्राप्त हुनेछ ।

### मकर

इच्छाशक्तिद्वारा महत्वाकांक्षी कार्य प्रारम्भ होला । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । सोखले खर्च बढाउन सक्छ । तापनि मिहिनेत गर्दा पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ । विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । साँझदेखि आफ्नो बोली(व्यवहारमा कमजोरी फेला पर्न सक्छ । शुभचिन्तकहरूलाई साथ लिएर काममा जुट्नुहोला ।

### कुम्भ

सुरुमा खर्च लागे पनि दिगो फाइदा हुने काममा लगानी गर्ने अवसर जुट्नेछ । चुनौतीहरू पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ । टाढाका साथीभाइको निम्तो प्राप्त हुन सक्छ । छर-छिमेकमा असमझदारी बढ्ने सम्भावना देखिन्छ । साँझदेखि साइनो गाँस्नेहरूले अप्ठ्यारो पार्न सक्छन् । भेटघाटले अलमल्याउनेछ । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुस्ख पाइएला ।

### मीन

व्यापार बढ्नेछ भने प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । प्रयत्न गर्दा ऋणमोचन हुने सम्भावना छ । साँझदेखि आम्दानीमा कमी आउनाले सञ्चित रकम खर्चनुपर्ने आवश्यकता पर्न सक्छ । टाढाका साथीभाइ नजिकिनेछन् र लामो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

## सुगमको दर्शन सार्वजनिक

गायक तथा संगीतकार सुगम पोखरेलले आफ्नो सातौं गीती संग्रह श्वेत हंसिनी'मा समावेश हुने नयाँ गीत 'दर्शन'को म्युजिक भिडियो यही शुक्रबार युट्युबमा सार्वजनिक गरेका छन् । गीतले ईश्वरलाई खोज्दै हामी कहाँकहाँ धाउँछौं तर ईश्वर हरेक मानिसमा जीवित हुन्छन् भन्न खोजेको छ । गीतमा संगीत सुगम आफैले भरेका छन् । संगीत संयोजन शैलेन्द्र प्रधानको छ । उत्सव दाहालले खिचेको र विकाश धमलाले सम्पादन गरेको म्युजिक भिडियोको निर्देशन निकेश खड्काले गरेका छन् । अभिनयमा रङ्गमञ्चका कलाकार सफर पोखरेलका साथमा निर्मल दाहाललाई देख्न सकिन्छ । गीतलाई पशुपति क्षेत्रमा छायांकन गरिएको छ ।

## नम्रताले छाडिन् "कान्छी"



केही समयअगाडि नायिका नम्रता सापकोटाले आफू चलचित्र 'कान्छी' मा अनुबन्धित भएको बताएकी थिइन् । नायिका स्वेता खड्काले निर्माण गर्न लागेको यो चलचित्रमा अनुबन्धित भएको भन्दै नम्रताले खुसी पनि व्यक्त गरेकी थिइन् । तर, उनै नायिकाले अब यो चलचित्र छाडेको बताएकी छिन् । नम्रताले चलचित्र 'समर लभ'का कारण आफूले 'कान्छी' छाडेको बताएकी छिन् । उनले ' कान्छी' यूनिटसँग चलचित्र छाडेको जानकारी दिइसकेको बताइन् । 'कान्छी र समर लभ'को छायांकनको सेड्यूल जुधेपछि चलचित्र छाडेको नम्रताको भनाइ छ । आकाश अधिकारीको निर्देशनमा तयार हुन लागेको चलचित्र 'कान्छी'मा स्वेता खड्का र दयाहाङ राइको मुख्य भूमिका रहनेछ । यस्तै, मुस्कान ढकालले निर्देशन गर्न लागेको चलचित्र 'समर लभ' सुविन भट्टराइको चर्चित पुस्तक 'समर लभ'मा आधारित रहेर निर्माण हुँदैछ ।

## १५ लाखमा "रानीमहल"

प्रदीप खड्काको क्रेजको अहिले चौतर्फी चर्चा छ । वर्ष २०७२ को हिट फिल्म 'प्रेमगीत' भन्दा अगाडि प्रदीपको चर्चा त परै जाओस् नाम पनि कमैले सुनेका थिए । तर, फिल्म 'प्रेमगीत' देखि प्रदीप हाल प्रदर्शन भैरहेको फिल्म 'प्रेमगीत २' सम्म आइपुग्दा महँगो नायक बनेका छन् । 'प्रेमगीत' मा २ लाख र 'प्रेमगीत २' मा ८ लाख पारिश्रमिक लिएर फिल्म साइन गरेका प्रदीपले हालैमा एक फिल्म १५ लाख पारिश्रमिकमा साइन गरेको खबर बाहिरिएको छ ।

'प्रेमगीत २' को सफलतासँगै प्रदीपले आफ्नो पारिश्रमिक ७ लाख बढाएका हुन् । १५ लाख पारिश्रमिकमा प्रदीपले 'रानीमहल' नामक फिल्म साइन गरेका छन् । उनको अपोजिटमा नायिका सन्ध्या केसी फाइनल भैसकेकी छन् । 'रानीमहल' लाई फिल्म 'लुकामारी' निर्माण गरेको टिमले बनाउन लागेको हो । फिल्मको अन्य जानकारी भने प्राप्त भएको छैन । तर, यस विषयमा बुझ्दा नायक प्रदीप खड्काले 'रानीमहल' मा काम गर्न लागेको कुरा गलत रहेको बताए ।

## जिग्री र पाँडेको फिल्म बहिष्कार



गएको वर्ष प्रदर्शनमा आएको फिल्म 'लुट २' पछि निर्देशक निश्चल बस्नेतले नयाँ फिल्म साइन गरेका छन् । हास्यकलाकार कुमार कट्टेल (जिग्री) र अर्जुन घिमिरे (पाँडे)ले निर्माण गर्न लागेको फिल्मलाई निश्चलले निर्देशन गर्ने फाइनल भएको छ । फिल्म निर्माण टिमसँग आइतवार नयाँ दिल्लीमा निश्चलले फिल्म निर्देशन गर्ने सम्झौता पत्रमा हस्तारक्षण गरे । निर्देशक फाइनल भएसँगै अहिले फिल्मको नाम र कलाकार छनौटको काम भैरहेको फिल्मका निर्माता मध्येका एक कुमार कट्टेल (जिग्री)ले जानकारी दिए । उनले भने, 'साउन ३१ गते फिल्मको मुहुर्त गर्ने तयारी थियो तर प्राविधिक कारणले यो हुन सकेन । कलाकारहरु अझै छनौट गर्न बाँकी रहेका कारण भदौभित्रमा फिल्मको मुहुर्त गरेर फ्लोरमा जाने तयारी छ ।'

निश्चल बस्नेतलाई महँगो निर्देशक भनेर चिनिन्छ । फिल्ममा कुमार, अर्जुनका अलावा, सागर लम्साल 'बले', हरि निरौला 'कक्रोज' र दीपक आचार्य मुख्य भूमिकामा फाइनल भैसकेका छन् । फिल्मलाई पनि उनीहरुले नै संयूक्त रुपमा निर्माण गर्दैछन् । फिल्मको कथा र पटकथा कुमार कट्टेल (जिग्री) ले लेखेका हुन् ।

## रेखा "पशुपति" तिर ?



रेखा थापा प्राय चर्चामा आइरहने नायिका हुन् । पछिल्लो समय उनको आफ्नो ब्यानरमा बनेको कार्तिक २ मा प्रदर्शनमा आउने चलचित्र 'रुद्रप्रिया' को कारणले उनी चर्चामा थिइन् भने अहिले उनको चर्चाको प्रसङ्ग बदलिएको छ ।

केही दिनअघि राष्ट्रिय प्रजातन्त्र पार्टी फुटेपछि सामाजिक सञ्जालमा रेखा थापा र कोमल ओलीलाई लिएर अनेक किसिमका ट्रोलहरु बनिरहेका छन् । यस्तैमा नायिका रेखा थापा पशुपति शम्शेर राणाको नयाँ पार्टी 'नयाँ राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिक'मा प्रवेश गरेकी छिन् । पशुपति शम्शेरले खोलेको पार्टीको 'लाइन' मिलेका कारण आफू त्यस पार्टीमा आबद्ध भएको उनको भनाइ छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Hypercritical = सबै कुरा भनेकै जस्तो हुनुपर्दछ भन्ने सोचाइ One can not be hypercritical since every one makes mistake भूल नगर्ने जब कोही पनि हुँदैन भने सबै कुरा भनेकै जस्तो हुनुपर्दछ भन्ने सोचाइ राख्नु हुँदैन)

Insipid = वेस्वादको What he cooks is insipid for me but for himself is very tasty (उसले पकाएको खाना मेरो लागि बेस्वादको भए पनि ऊ आफैंलाई भने स्वादिलो हुन्छ)

Loathe = हेला गर्नु In most of the film villains are loathed by the audience (सबैजसो चलचित्रमा भिलेनहरूलाई दर्शकहरूले घृणा गर्दछन्)

Motility = नअडिकन आफैं क्रियाशील (चलिरहने) भइराख्न सक्ने Certain organism of our body shows remarkable motility (हाम्रा शरीरका केही अंगहरू आफैं अचम्मले चलिरहेका हुन्छन्)

Nemesis = गल्ति गरेकोमा कुनै पनि हालतमा दण्डित हुनुपर्ने Everyone has to meet one's nemesis (गल्ती गरेकोमा हरेकले दण्डित हुनैपर्दछ)

Ordeal = मौखिक यातना For every shy girl student, it is an ordeal to speak up in the class (लजालु छात्राको लागि कक्षामा उभिएर बोल्नु यातना पाउनु बराबर हुन्छ)

Propitiate = थोरै दिएर खुसी पार्ने प्रवृत्ति People sacrifice the animal before goddess to propitiate her (मानिसहरू सानो बली दिएर देवी खुसी पार्न चाहन्छन्)

Pusillanimous = छेरुवा, कातर Being a man you should not have pusillanimous conduct (लोग्नेमान्छे भएर छेरुवा स्वभाव देखाउनु हुँदैन ।

Synchronous = एकै वस्तु एकै समय Sometimes synchronous discoveries are made in different parts of the world (कहिलेकाहीं विश्वको विभिन्न भागमा एकै समयमा एकै किसिमका कुराहरू पत्ता लागेका छन्)

Susceptible = सजिलै ग्रसित हुने खालको Human beings having weak immune system can be susceptible to any disease (कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरू सजिलै कुनै पनि रोगबाट ग्रसित हुन सक्छन्)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

नेपालको सबभन्दा लामो पुल कुन हो ? • कन्काई नदीको पुल ७०२ मि.

नेपालमा सर्वप्रथम चिनी कारखाना कहिले र कहाँ खोलिएको थियो ? • वि.सं. २००३, विराटनगर

चाँदनी शाह कसको उपनाम हो ? • श्री ५ ऐश्वर्य

'जिउँदो लास' नामक पुस्तकका लेखक को हुन् ? • विजय मल्ल

त्रेता युगको चक्रवर्ती राजा को हुन् ? • रामचन्द्र

रोक्का भएको सहर भनेर कसलाई भनिन्छ ? • ल्हासा

ह्वाइट सिटी सेतो सहर भनेर कसलाई भनिन्छ ? • बेलग्रेड

चीनको ग्रेटवाल कुन कालमा बनेको हो ? • अर्वाचीन काल

इजरायलको अन्तर्राष्ट्रिय जासुसी सेवा कुन हो ? • मोसाद

युरोप महादेशको सबभन्दा लामो नदी कुन हो र कुन देशमा पर्छ ? • येनिसी, रूस

विश्वको सबभन्दा ठूलो झरना कहाँ छ र त्यसको नाम के हो ? • एन्जल, भेनेजुएला

विश्वको दोस्रो ठूलो जलविद्युत् आयोजना कुन हो र कहाँ छ ? • टुक्युरुइ, ब्राजिल

नेपालको इटालीसँग दौत्य सम्बन्ध स्थापना कहिले भयो ? • वि.सं. २०१६ भदौ १५ गते

श्री ५ महेन्द्रबाट अमेरिकाको राजकीय भ्रमण प्रारम्भ कहिले भयो ? • वि.सं. २०१७ वैशाख १५ गते

विमान अपहरण वर्ष भनेर कुन वर्षलाई भनिन्छ ? • सन् १९७१

राष्ट्रिय पञ्चायतको उपाध्यक्ष हुने प्रथम महिला को हुन् ? • प्रज्ञा राज्यलक्ष्मीदेवी

चन्द्रग्रहण कसरी हुन्छ ?
• सूर्यबाट आएको प्रकाशलाई पृथ्वीले छेकी पृथ्वीको छायाँ चन्द्रमामा पर्नाले

साथीबिनाको जीवन मरेको जस्तै हुन्छ- कसको भनाइ हो ? • जर्ज हरवर्ट

प्राचीन नेपाली कविताको दुई भक्ति धाराहरू के के हुन् ? • राम भक्ति र कृष्ण भक्ति

रारा तालबाट निस्कने खोलाको नाम के हो ? • खताङ खोला

## फरक थाहा पाई राख्नुहोस्

Straight = सिधा After office, he goes straight back to house कार्यालयबाट ऊ सिधै घर फर्कन्छ ।

Strait = खोच In the strait, the current of water is very strong खोचमा पानीको वहाव ज्यादै शक्तिशाली हुन्छ ।

Subsequent = केही समयपश्चात् Subsequent to his release from prison, he got back to his old job कैदबाट छुटकारा पाएको केही समयपश्चात् नै उसले पुनः आफ्नो पुरानो वृत्ति सुरु गऱ्यो

Consequent = एक घटना घटेपश्चात् Reckless driving was the charge and consequent investigation caused him to lose his license जथाभावी हकाइ र त्यसपछिको अनुसन्धानको कारण उसले आफ्नो लाइसेन्स गुमाउनु पऱ्यो ।

Succint = स्पष्ट छोटो, मिठो His summary of the incident was succinct उसले गरेको घटनाको सारांश छोटो र मिठो थियो ।

Concise = छोटो He gave a concise statement of his travel उसले आफ्नो भ्रमणको छोटो विवरण दियो ।

Such = यस्तो I could not bear such म यस्तो सहन सक्तिन ।

Such = अन्य, यस्तै यस्तै At the fair we ate peanuts, popcorn and such मेलामा हामीले बदाम भुटेको मकै र यस्तै यस्तै कुरा खायौं ।

Such = यति She is such a nice girl that everyone likes her तिनी यति राम्री छन् कि सबैले उनलाई मनपराउँछन् ।

Suit = औपचारिक लुगा He loks quite elegant with his new suit ऊ आफ्नो नयाँ सुटमा निकै सुन्दर देखिएको छ ।

Suit = मुद्दा A criminal suit against him has been initiated in the court उसको विरुद्धमा एक फौजदारी मुद्दा अदालतमा सुरु गरिएको छ ।

Suite = मिल्ने एकै सेटका कुराहरू Tables, chairs, and a side table make a dining room suite टेवल, केही मेचहरू, एक साइड टेवल मिलाउँदा एक खानाखाने कोठाको शेट तयार हुन्छ ।

## सुडोकु-अंक ६५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | ५ | | | | ७ | | |
| | २ | | | | | | ६ | |
| ६ | ३ | | | ७ | | | ५ | १ |
| | ९ | | ६ | | २ | | ८ | |
| | | | ५ | | ९ | | | |
| | ४ | | ७ | | ३ | | १ | |
| १ | ७ | | | ९ | | | ३ | ६ |
| | ६ | | | | | | ७ | |
| ३ | | ८ | | | | २ | | ९ |

## अंक ६४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ६ | ३ | १ | ८ | ७ | ४ | २ | ५ |
| २ | ८ | ४ | ९ | ५ | ३ | ७ | १ | ६ |
| १ | ५ | ७ | २ | ४ | ६ | ३ | ९ | ८ |
| ३ | ७ | ५ | ६ | ९ | ४ | २ | ८ | १ |
| ६ | ९ | १ | ३ | २ | ८ | ५ | ७ | ४ |
| ४ | २ | ८ | ५ | ७ | १ | ६ | ३ | ९ |
| ८ | ४ | ९ | ७ | ३ | ५ | १ | ६ | २ |
| ७ | १ | २ | ४ | ६ | ९ | ८ | ५ | ३ |
| ५ | ३ | ६ | ८ | १ | २ | ९ | ४ | ७ |

# बाल विकास समाजका विविध कार्यक्रम



केन्द्र अनुगमनपश्चात वडा अध्यक्षसहित छलफल गर्दै



सानेपास्थित इन्द्रायणी उद्यानमा खेल सामग्रीको अनुगमन गर्दै



अनुगमनका क्रममा जानकारी दिँदै संस्थाका कार्यक्रम निर्देशक



अनुगमनका क्रममा आफ्ना कुरा राख्दै १६ वडाका वडा सदस्य



समिक्षा बैठकमा कार्यकारी अधिकृत



बालकलाई प्राथमिक उपचार गर्दै हेल्थ इन्चार्ज



स्वास्थ्य परिक्षण गर्दै डा प्रदिप जोशी



दिवा खाजा खुवाउँदै समाजसेवी रवि श्रेष्ठ



दिवा खाजा खाँदै बालबालिकाहरू

## ललितपुर जिल्लामा सरकारी निकायद्धारा परियोजनाको अनुगमन

बाल विकास समाज र सेभ द चिल्ड्रनको संयुक्त प्रयासमा सञ्चालित शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुका लागि परियोजना अन्तर्गत संस्थाले ललितपुर महानगरपालिकाका विभिन्न वडाहरुमा विभिन्न क्रियाकलापहरु सम्पन्न गरेको थियो । उक्त क्रियाकलापहरुको संयुक्त रुपमा अनुगमन कार्य सम्पन्न भएको हो । अनुगमनमा ललितपुर महानगरपालिका, जिल्ला बालकल्याण समिति, महिला तथा बालबालिका कार्यालय , सेभ द चिल्ड्रेन, सेतो गुँरास, बाल विकास समाजका प्रतिनिधि, वडा सदस्य लगायतका महानुभावहरुको सहभागिता रहेको थियो । अनुगमनमा महानगरपालिकाले सन्चालन गरेका ८ वटा वडाहरु मध्ये १६ र १४ वडामा सञ्चालित सामुदायिक शिशु स्याहार केन्द्र मा अनुगमन गरिएको थियो । सोही क्रममा उक्त केन्द्रहरुमा व्यवस्थित तवरबाट बालबालिकालाई राखेको पाइएको थियो । बालबालिकाहरुका लागि चाहिने खेल सामग्रीहरु पनि प्रशस्त भएको र सोही अनुसार नै बालबालिकाहरुलाई मनोबैज्ञानिक तवरबाट केन्द्रमा राख्ने गरेको पाइयो । त्यसैगरी अनुगमनकै क्रममा १४ नम्बर वडाका वडा अध्यक्षले यसरी बालबालिकाहरुलाई केन्द्रमा राखेर स्याहार गर्नु राम्रो कुरा भएको वडाका तर्फबाट गर्नुपर्ने सहयोग गर्न तयार रहेको कुरा वताउनु भएको थियो । यसैगरी महानगरपालिकाका समाज कल्याण महाशाखाका वरिष्ठ अधिकृत प्रेम बहादुर थापाले केन्द्र सन्चालन राम्रो भएको र आगामी दिनमा अझ राम्रो गरी सन्चालन गर्न र तालिममा सिकेका कुरा केन्द्रमा लागु गर्न समेत अनुरोध गर्नु भएको थियो ।

यसैगरी सानेपा २ नम्बर वडामा बाल विकास समाजले बालमैत्री खेल सामग्री राखिदिएको थियो । उक्त सामग्रीको पनि अनुगमन गरिएको थियो । अनुगमनका क्रममा वडा नम्बर २ का वडा सदस्यले संस्थाले बालबालिकाहरुका लागि राखिदिएको सामग्री उपयुक्त भएको र यस कार्यलाई वडाका तर्फबाट स्वागत गर्दै आगामी दिनमा वडाका तर्फबाट गर्नु पर्ने सहयोग गर्न तयार भएको कुरा समेत राख्नु भएको थियो । यसरी अनुगनम पश्चात ललितपुर महानगरपालिकका कार्यकारी अधिकृतको सहभागितामा अनुगमनको समिक्षा बैठक सम्पन्न गरिएको थियो । सोही क्रममा आफू स्थलगत अनुगमनमा जान नपाए पनि सबै कुरा थाहा भएको र बाल विकास समाजलाई धन्यवाद भन्दै महानगरको तर्फबाट आगामी दिनमा गर्नुपर्ने सहयोग तथा समन्वयका लागि तयार रहेको कुरा बताउनु भएको थियो ।

यसैगरी सेभ द चिल्ड्रेनका प्रतिनिधिले पनि अनुगमन कार्य प्रभावकारी भएको र मापदण्ड अनुसार नै केन्द्र सञ्चालन भएको देख्दा खुशी लागेको कुरा बताउनु भएको थियो । यस प्रकारको अनुगमनले आगामी दिनमा कार्य गर्न थप मार्गचित्र कोर्न सहज हुने कुराको ठहर समिक्षामा गरिएको थियो ।

## बालबालिकाको लागी खाजा कार्यक्रम

बाल विकास समाजले आफ्नो स्थापना काल देखिनै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाकोबाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजलेदिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यबस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई“बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ” भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका बोर्डका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरु सहित ५५ जनाको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसै क्रममा मिति २०७४साउन १९गते विहिबारकादिन समाजसेवी श्री रवि श्रेष्ठज्युले आफ्नोजन्मदिनको अवसर पारेर बाल विकास समाजको भवनमा संचालन भईरहेको दिवा शिशु स्याहार केन्द्रका ३६जना बालबालिकाहरुलाई खाना खुवाउनु भएको थियो । खानामा बालबालिकालाई भात दाल र मासु खुवाईएको थियो । बालबालिकालाई आफ्नै हातले खाना खुवाउन पाउँदा उहाँ खुसी तथा रमाईलो मानिरहनु भएको थियो ।

## निशुल्क स्वास्थ्य जाँच तथा औषधि वितरण

विगतदेखि नै स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको बाल विकास समाज द्धारा संचालित मातृ शिशु क्लिनिकले निरन्तर निशुल्क स्वास्थ्य सेवा दिँदै आएको छ । शनिबार बाहेक हरेक दिन बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म स्वास्थ्य सेविकाद्धारा यस्ता सेवाहरु दिने गरेको छ । यस मातृ शिशु क्लिनिकले मुख्यत बाल विकास समाज द्धारा सेवा प्राप्त गर्दै आइरहेका बालबालिका तथा तिनिहरुका आमाहरुलाई स्वास्थ्य सेवा वितरण गरिन्छ । यीमध्ये दिवा शिशु सेवाका बालबालिका र तिनका आमा, बाल विकास समाज द्धारा छात्रवृत्ति पाएका बालबालिका र तिनका आमा, बालकुमारी आधारभुत विद्यार्थी र तिनका आमा र साथसाथै बालक्लवका बालबालिका र तिनका आमाहरु पर्दछन् ।

उल्लेखित लक्षित समुह बाहेक वरिपरिका सरकारी विद्यालयका बालबालिकाहरु र मजदूर स्त्री कामदार हरुलाई पनि यस स्वास्थ्य क्लिनिकले सेवा दिँदै आएको छ ।

हेल्थप्रोजेक्टका धेरै सेवाहरु मध्ये मातृ शिशु क्लिनिकले दिने सेवाहरुमा निशुल्क बिरामी जाँच र औषधीवितरण, प्याथोलोजील्याब सेवा, परामर्श सेवा, परिवार नियोजन लगायतका सेवाहरु पर्दछन । नियमित स्वास्थ्य जाँच गरिँदै आएको यस क्लिनिकमा हरेक मंगलबार बाल रोग विशेषज्ञ डा. प्रदिप जोशि द्धारा स्वास्थ्य परिक्षण गरिँदै आएको छ । त्यसैगरि हप्ताको २ दिनप्याथोलोजील्याबको सेवा पनि प्रदान गरिन्छ ।

नियमित रुपमा सेवालिँदै आइरहेका बालबालिका तथा महिलाहरु यस मातृ शिशु क्लिनिकका सेवाहरुले गर्दा स्वास्थ्य जीवन बिताउन पाएको र यस्तै सेवाहरु भविष्यमा पनि निरन्तर रुपमापा हुन सकेमा सामान्य रोगका लागि अस्पताल धाईरहन ुनपर्ने जानकारी गराए । क्लिनिकको परामर्श सेवाहरुबाट पनि धेरै मजदूरि गरेर जिविका चलाउने आमाहरुले स्वास्थ्य समस्याहरु बारे जानकारी र बच्ने उपायहरु अपनाउँदै आइरहेको बताउँछन ।

दिवाशिशु स्याहारका अध्यांस बालबालिकाहरु स्वास्थ्य सेवा र नियमित पोषिलो आहारको सेवनले कुपोषणबाट मुक्तहुँदै आइरहेको आमाहरुको अनुभुति रहेको छ । त्यसैगरि विद्यार्थीहरु पनि समयमै प्रार्थमिक उपचार प्राप्त गर्ने कारणले घाउहरु संक्रमित हुन नपाउने उनिहरुको भनाई छ । गरिबीका कारणले स्वास्थ्य सेवाबाट वंचित भएका बालबालिका तथा महिलाहरुलाई प्रर्थमिक्ता दिएर उपचार गर्नु नै यस प्रोग्रामको मुख्य उद्देश्य रहेको छ ।

**प्रस्तुति : गोविन्द वि क**

हार्दिक धन्यवाद

यस ग्रेटर नेपाल साप्ताहिकको २०७४ साल असार र साउन महिनाभित्र वार्षिक ग्राहक बनी, विज्ञापन उपलब्ध गराइ तथा अन्य सहयोग गरी राष्ट्रवाद संरक्षणको अभियानमा योगदान गर्ने निम्नानुसारका व्यक्ति तथा संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं :

(१) नारान किराना पसल (२) खगेन्द्र ढकाल (३) विनय बस्नेत (४) अरुण रेग्मी (५) वामदेव शर्मा (६) वासुदेव ढकाल (७) केपी शर्मा घिमिरे (८) आनन्दप्रसाद श्रेष्ठ (९) एलो प्यागोडा होटल (१०) सञ्जय चौधरी (११) खेम कडरिया (१२) नेपाल सरकार सूचना विभाग (१३) माणिक किराना पसल

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

तेस्रो धार

सुरेश खतिवडा

स्वास्थ्य

# स्तनपान : स्वस्थ शिशु, स्वस्थ नागरिक

अहिले स्तनपान सप्ताह (**Brest feeding Week**) चलिरहेको छ । प्रत्येक अगष्ट महिनाको १ तारिखबाट एक हप्तासम्म सञ्चालन हुने स्तनपान सप्ताहको आज ४ तारिखसम्म आइपुग्दा औपचारिक रुपमा कसैले पनि झापामा यस सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरेको खबर प्राप्त भएको छैन । सयौंको संख्यामा निजी क्लिनिकहरु साथै प्राविधिक शिक्षालयहरु र अस्पतालहरु रहेको झापामा कसैले पनि यो सप्ताहलाई सम्पन्न गर्न आफ्नो केही स्वतस्फूर्त सहभागिता हुनुपर्दछ भन्ने बोध नहुने विडम्बना नै मान्नु पर्दछ ।



सुरेश खतिवडा

सधैंका वर्ष झैं यस पटक पनि गत अगष्ट १ तारिखदेखि २५औं स्तनपान सप्ताह शुरु भएको छ । सम्बन्धित मन्त्रालयबाट निश्चित बजेट समेत छुट्याइने यो सप्ताहका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रि संस्थाहरुले समेत सहयोग, समन्वय र सहकार्य गर्दै आइरहेका छन् । बच्चालाई दूध किन चुसाउनु पर्दछ ? यसको अनिवार्यता के हो ? स्तनपानका फाइदाहरु के-के हुन् ? जस्ता स्तनपानलाई प्रोत्साहन गर्ने प्रकृतिका कार्यक्रमहरु लक्षित समूहमा सम्पन्न गर्दै विश्वव्यापी रुपमा नै स्तनपान सप्ताह मनाउने गरिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय झापाका पोषण विभाग हेर्ने कुलबहादुर पौडेल भन्नुहुन्छ- 'बढिरहेको आधुनिकताले स्तनपान सम्बन्धी बेवास्ताले गर्दा र यसको वैज्ञानिक सत्यताबारे ज्ञान अभावका कारण पनि शिक्षा उचित पोषणबाट वञ्चित बनिरहनु परेको छ ।' शिशु स्वस्थ र अस्वस्थ हुनुमा स्तनपानको महत्वपूर्ण स्थान रहने उहाँको तर्क सकारात्मक देखिन्छ ।



अर्का झापा कै स्वास्थ्य क्षेत्रमा सक्रिय बुद्धशान्ति गाउँपालिकाका एक स्वास्थ्यचौकीमा कार्यरत् वरिष्ठ स्वाथ्यकर्मी दीपक सापकोटा भन्छन्- 'स्तनपान सप्ताहले सोचे अनुसार नतिजा नल्याए पनि यो एक स्वास्थ्य शिक्षाको लागि महत्वपूर्ण र उदाहरणीय कार्य रहेको र यसलाई अझ ग्रामीण र दुर्गम क्षेत्रमा स्वीकार्य बनाउँदै लैजानु पर्दछ।' 'पूर्ण स्तनपान गराऔं आमा र बच्चालाई स्वस्थ बनाऔं' भन्ने नाराका आधारमा आगामी कार्यक्रमहरु तयार पारिएको उहाँको भनाइ छ । जसजसले निजी या सरकारी तबरबाट कार्यक्रमहरु सञ्चालन गर्दै यो 'स्तनपान सप्ताह' सफल बनाउन लागि परेता पनि यसलाई फलदायी बनाउन सबैको सहयोग र सहकार्य अपरिहार्य छ ।

जिल्ला जनस्वास्थ्य कार्यलय झापाका प्रमुख मधुसुदन कोइरालाले आफूले सरकारी निजी तथा गैरसरकारी क्षेत्रका सबैलाई सक्रिय रहेर यो सप्ताह सफल बनाउन निर्देशक दिएको बताउँदै गर्दा हामीले निम्नानुसारका फाइदाहरु हुने भएकाले अनिवार्य रुपमा शिशुलाई सकेसम्मको अवधिसम्म स्तनपान गराउनु पर्दछ भनेर लक्षित समूहलाई बुझाउनु पछि पर्नु हुँदैन ।

**स्तनपानका फाइदाहरु**

- जन्मेको एक घण्टाभित्र शिशुलाई पहेंलो (बिगौति दूध) दूध खुवाउनु पर्दछ। किनकि विगौती दूधमा शिशुलाई चाहिने जति पौष्टिक तत्व रहेको हुन्छ ।
- जन्मेदेखि छ महिनासम्म शिशुलाई आमाको दूध मात्र खुवाउनु पर्छ। यस उमेरमा पानी समेत खुवाउनु जरुरत पर्दैन किनभने आमाको दूधमा शिशुलाई चाहिने मात्रामा पानी रहेको हुन्छ ।
- दिन र रात गरेर कम्तीमा दशपटक आमाको दूध खुवाउनु पर्छ। दुबै स्तनबाट पालोपालो दूध खुवाइनु पर्दछ। एउटा स्तनबाट कम्तिमा १५ मिनेट दूध चुसाउनु/खुवाउनु पर्दछ।
- ६ महिना पूरा भएपछि बालबालिकाहरुलाई थप खानाको साथै दुईवर्षसम्म आमाको दूध पनि खुवाइ राख्नु पर्दछ।
- ६ महिना पुगेपछि बालबालिकाहरुको राम्रो मानसिक र शारीरिक विकासका लागि आमाको दूधले मात्र नपुग्ने भएकोले थप ठोस आहार खुवाउन शुरु गर्नुपर्दछ।
- स्तनपानलाई परिवार नियोजनको एक प्राकृतिक विधिको रुपमा पनि मान्ने गरिन्छ।
- उपयुक्त स्तनपानले शिशु र आमाबीचको सम्बन्ध प्रगाढ बनाउँदछ।
- स्तनपानले आमाको स्वास्थ्य बिगार्छ भन्ने भ्रमबाट मुक्त रही झन्झट र झर्को नमानीकन असल आमाको कर्तव्य निर्वाह गर्नु स्वयम् आमाको शारीरिक र मानसिक स्वास्थ्यका लागि समेत फाइदाकारी मानिएको एक स्वास्थ्य संस्थाको अनुसन्धानले देखाएको छ।

यसरी माथिका बुँदाहरुलाई हामी सबैले एक सचेत नागरिकको हैसियतले आफ्नो जिम्मेवारी ठानेर छरछिमेक, समुदाय, टोल, गाउँ, बस्ती र सहरमा सधैं नभए पनि यही 'स्तनपान सप्ताह' मात्र आ-आफ्नो संघ-संस्थालाई सक्रिय पार्दै जानकारी गराउने हो भने यसको प्रभावकारिता हामी स्वयम्ले औल्याउन सक्ने छौं र एक शिशुले उपयुक्त पोषण प्राप्तीका निमित्त वञ्चित हुनुपर्ने छैन ।

## एक्लिँदै...

थालेका छन् । पछिल्लो पटक बाबुरामका विश्वासपात्र मानिने देवेन्द्र पौडेललगायत थुप्रै नेताहरु माओवादी केन्द्रमा प्रवेश गर्न लागेका छन् । यसरी नै नयाँ शक्ति छोड्दै जानेहरुको क्रम बढ्दै गएर नयाँ शक्तिमा बाबुराम र हिसिला मात्र रहने निश्चित छ । यसपछि पार्टीको नाम नै जोइपोइ पार्टी हुन बेर छैन ।

## पेट्रोलियम...

क्षमता विस्तार गर्न सकेको छैन । पेट्रोलियम उपभोग अत्यधिक बढे पनि भण्डारण क्षमता नबढेका कारण सानोतिनो अवरोधको असर पनि बजारमा तत्काल देखिन्छ। व्यापारीहरुले आयल निगमको भण्डारण क्षमता अभावको फाइदा उठाउँदै कालो बजारीसमेत गर्ने गरेका छन् ।

अहिले निगमले प्रादेशिक संरचना अनुसार इन्धन भण्डारण गृह निर्माण प्रक्रिया अगाडि बढाइरहेको छ । कमसेकम ९० दिन पुग्ने गरी भण्डारण क्षमता विस्तार गर्ने योजना निगमको रहेको छ ।

● **चन्द्रमणि प्रसाई**

## डा.के.सी...

मेडिकल कलेजलाई सम्बन्धन दिने गरी संसदको महिला बालबालिका ज्येष्ठ नागरिक र समाज कल्याण समितिले चिकित्सा शिक्षा विधेयक अघि बढाएर केसीको आमरण अनसनको खिल्ली उडाउन थालेपछि समस्या झन् चर्किंदैछ । केसीको समर्थनमा सरकारी चिकित्सक समेत आन्दोलित हुँदा पनि सरकार भने मौन छ । एमाले, माओवादी केन्द्रका नेताहरु भने नयाँ मेडिकल कलेजलाई सम्बन्धन दिलाउन लागिपरिरहेका छन् । केसीको अवस्था गम्भीर बन्दै गएपछि उनको जीवन रक्षार्थ नागरिक स्तरबाट समेत आवाज उठिरहेको छ ।

## अन्ततः...

गत महिना एक विज्ञप्तिमार्फत चीनको सडक निर्माणले सन् १९९८ मा आफूसँग गरेको लिखित सम्झौता उल्लंघन भएको भन्दै सीमा विवादलाई यथावत अवस्थामा राख्न अनुरोध गरेको छ । त्यसयता भुटानले अरु कुनै प्रतिक्रिया जनाएको छैन । चीनले भने भुटानसँग आफ्नो कुनै विवाद नरहेको र चीन भुटान मामिलामा अन्य विदेशी शक्तिको हस्तक्षेप स्वीकार्य नरहेको टिप्पणी गरेको छ । भुटानको सार्वभौमिकता मिचेर चिनियाँ भूभागमा पस्न नपाउने चीनले दाबी गरेको छ । विदेशी शक्ति भनेर चीनले भारततर्फ संकेत गरेको छ र विवाद सतहमै देखिएको छ । भुटानमा भुटानी सैनिकलाई प्रशिक्षण दिन भनेर भारतीय सेना तैनाथ छन् । तिनै भुटानभित्र रहेका भारतीय सेनाको झन्डै चार सय जनाको टुकडीले दोक्लाममा टेन्ट हालेर बसेको छ । चीनको पटक पटकको चेतावनी र कुटनीतिक दौडधुपपछि भारतीय सेना त्यहाँबाट फर्किन थालेको छ । अहिले दोक्लाममा ५० जना मात्र भारतीय सेना रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

वास्तवमा भारत र चीनको पछिल्लो तनावको अन्तर्यमा तिब्बत र सिक्किम मामिला जोडिएको छ । भारतले सन् १९७५ मा सिक्किमलाई आफूमा विलय गराएपछि चीनले त्यसलाई मान्यता दिएको थिएन । सन् २००३ मा तत्कालीन भारतीय प्रधानमन्त्री अटलविहारी बाजपेयीले बेइजिङ भ्रमण गरे । उनले तिब्बतलाई चीनको अभिन्न अंग स्वीकार गरेपछि चीनले पनि सिक्किम विलयलाई वैधानिकता दियो । तर भारतले तिब्बती धार्मिक नेता दलाई लामालाई विवादित क्षेत्र हिमाचल र अरुणाचलमा भ्रमण गराएर चीनलाई चिढ्याउँदै आएको छ। गोवामा तिब्बती निर्वासित सरकारका प्रमुख लोप्साङ साँगेलाई भारतीय जनता पार्टी निकट एडिया फाउनडेसनले अतिथि वक्ताका रुपमा बोलाएर चीनलाई सशंकित पाऱ्यो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो शपथ ग्रहण समारोहमै अन्य राष्ट्राध्यक्ष वा सरकार प्रमुख सरह मान्यता दिएर निमन्त्रणा गर्नुले चीनलाई पहिल्यै झस्को पसिसकेको थियो। गुजरात दंगामा मुस्लिम मारिएपछि तत्कालीन मुख्यमन्त्री मोदीलाई अमेरिका लगायत पश्चिमा देशहरुले बहिष्कार गर्दै प्रतिबन्ध लगाउँदा चीनले मोदीलाई आफ्नो देशको भ्रमण गराएको थियो । चिनियाँ राष्ट्रपति सि जिन पिङ भारत भ्रमणमा आउँदा सिधै दिल्ली नआई गुजरातको अहमदावाद गएका थिए। त्यहाँ तिब्बती शरणार्थीहरुलाई कडा निगरानी गरिएको थियो । सि दंग परेका थिए । तर जब उनी दिल्ली आए तिब्बतीहरुलाई खुला रुपमा प्रदर्शन गर्न दिइएपछि चीनले भारतको कुटिलता बुझ्यो । विहारमा बौद्ध सम्मेलनमा दलाई लामालाई प्रमुख अतिथि बनाइयो । दिल्ली भ्रमणका बेला सिले धर्मशालाको चीन विरोधी गतिविधि रोक्न मोदीसँग आग्रह गरेका थिए । तर मोदीले आफूले त्यसो गर्न नसक्ने जानकारी गराएपछि मोदी नियतबारे सिले राम्रै बुझ्न पाए । चीन र भारतबीच मनमुटावको श्रृंखला पहिलेदेखिकै हो जो दोक्लाममा प्रकट भएको छ अहिले । चीनले सिक्किम कार्ड फ्याँक्दै भारतलाई तर्साउँदैछ भने भारत अमेरिकासँग सहकार्य गर्दै दलाई लामामार्फत तिब्बत मामिला बल्झाउन खोजिरहेको छ । २०१६ अगस्तको 'लजिस्टिक एक्सचेन्ज मेमोरेन्डम अफ एग्रिमेन्ट' सम्झौतापछि अमेरिका र भारत सैन्य साझेदार भएका छन् । यस सम्झौताअनुसार अमेरिकी सेना भारतीय एयरपोर्टमा उत्रिन सक्छन् ।

चीनले अघि सारेको वान बेल्ट एन्ड रोड इनिसिएटिभमा भारत सहभागी छैन । चीन र भारतबीच ६५ विलियन डलरभन्दा बढीको व्यापारिक कारोबार भए पनि सुरक्षाका अघि यो गौण बनेको छ। पाकिस्तानलाई चीनले गरेको आर्थिक सहयोग र चीन पाकिस्तान इकोनोमिक करिडोर अन्तर्गत ६२ बिलियन डलर बराबरको महत्वाकांक्षी परियोजनाप्रति भारत असन्तुष्ट छ । बंगलादेशलाई पनि चीनले आफ्नो नजिक बनाएको छ। भुटान भारत संरक्षित परिभाषाबाट मुक्त हुन खोज्दैछ । दक्षिण एसियामा बढ्दो चिनियाँ प्रभावलाई रोक्ने भारतीय रणनीतिका कारण चीन भारत युद्धको सम्भावनालाई इन्कार गर्न सकिँदैन। भारत जापान दक्षिण कोरिया होइन अमेरिकाको। अमेरिकी सहयोगको अपेक्षा भारतले गर्नु बेकार छ। युद्ध भए फेरि भारतको कन्तबिजोग निश्चित छ।

## शिक्षामा...

गराएर झोलामा सीमित गरी शिक्षा कार्यालयदेखि बजेट खाने गिरोहको पोल खुलेर भण्डाफोर भइसक्दा पनि अझै यो प्रवृत्ति पूर्णरुपमा रोकिएको छैन ।

शिक्षा क्षेत्रले लगानीअनुसारको उपलब्धि हासिल नगर्नुको प्रमुख कारण विद्यालयमा झाँगिएको राजनीति पनि हो । गाउँका विद्यालयहरु विगतबाट नै राजनीतिका केन्द्र बन्दै आएका छन् । सहरभन्दा अलिकति पर मात्र जाने हो भने विद्यालयमा फैलिएको राजनीतिको प्रभाव स्पष्टै देखिन्छ । लामो समय शिक्षक भएर अवकाश प्राप्त जीवन बिताइरहेका गणेशप्रसाद घिमिरे भन्छन्- 'विद्यालयलाई साँच्चीकै लगानीबमोजिमको उपलब्धि दिलाउने हो भने शिक्षकका संघसंगठन बन्द गर्नुपर्छ । राजनीतिक दलका झोलेका रुपमा काम गर्ने शिक्षक विद्यालयमा भएसम्म शिक्षाको अवस्था सुध्रिँदैन ।' घिमिरेको भनाइमा सत्यता भए पनि सबै दोष शिक्षकलाई मात्र दिन मिल्दैन । विद्यालय व्यवस्थापन समितिको चयनमा हुने दलीय निर्वाचन र हस्तक्षेपले पनि वातावरण धूमिल बनाएको छ । गाउँघरमा बसेर शिक्षाप्रति प्रेम गरेर समाजसेवा गर्नेहरु दलका झन्डा बोक्ने मात्र छैनन् ।

यसैगरी निरीक्षण प्रणाली अत्यन्तै फितलो रहेको अर्का शिक्षक नारायण रुपाखेती बताउँछन् । पहिला शिक्षा कार्यालयबाट निरीक्षक पठाउने भए तापनि द्वन्द्व कालबाट निरीक्षणको जिम्मा गाउँकै शिक्षकलाई स्रोत व्यक्ति नियुक्ति गरेर दिइयो । स्रोत व्यक्तिलाई शिक्षकहरुले गन्दै गन्दैनन् । स्रोत व्यक्तिलाई निरीक्षणको जिम्माबाट हटाएर शिक्षा कार्यालयमा घाम तापेर बसेका विद्यालय निरीक्षकहरुलाई नै निरीक्षण, तालिम, मूल्यांकन जस्ता काममा लगाइनुपर्छ । शिक्षक, अभिभावक, शिक्षाका कर्मचारी, विद्यार्थी र स्थानीय दलका नेताहरु सबै सामूहिक रुपमा उत्तरदायी र जिम्मेवार बने मात्र शिक्षाको लगानीले प्रतिफल दिन सक्छ। अन्यथा जग कमजोर भएपछि त्यसको असर उच्च शिक्षासम्म नै पर्छ ।

## फेरि...

तर आफैंले नियुक्त गरेका सैनिक प्रमुख जनरल जियाउल हकले ६ वर्षपछि १९७८ मा भुट्टोलाई अपदस्थ गर्दै दोस्रो पटक सैनिक कु गरे । संविधान निलम्बन गरे र भुट्टोलाई फाँसीको तख्तामा झुण्ड्याए । झन्डै एक दशक शासन गरेका हकको एक रहस्यमय हवाई दुर्घटनामा सन् १९८८ मा निधन भएपछि पाकिस्तानमा संसदीय निर्वाचन सम्पन्न भयो। सो निर्वाचनमा जल्फिकर संस्थापक रहेको पार्टी पाकिस्तान पिपुल्स पार्टीले बहुमत ल्यायो । भुट्टोको छोरी बेनजीर भुट्टोले बाबुको विरासत थामिन । तर उनको सरकार दुई वर्ष पनि टिकेन। तत्कालीन राष्ट्रपति गुलाम इज्याक खानले भ्रष्टाचारको आरोपमा बेनजिर सरकार गिराइदिए । उनले राष्ट्रिय सभा पनि भंग गरे । बेनजिरको निर्वाचित सरकारमाथि राष्ट्रपति खानले हस्तक्षेप गरेर लोकतन्त्रकै मर्ममाथि प्रहार गरे। १९९० को संसदीय निर्वाचन मियाँ साब अर्थात नवाज सरिफको भाग्य उदायो । नवाजले नेतृत्व गरेको मुस्लिम लिग नवाजले बहुमत ल्यायो । सरिफ पहिलो पटक प्रधानमन्त्री बने ।

जब उनी प्रधानमन्त्री बने उनीमाथि भ्रष्टाचारको आरोप लाग्न थाल्यो। पदीय दुरुपयोग गर्दै आफ्नो स्टिल कम्पनी इत्तेफाक फाइदा दिलाएको र सरकारी कोषमा अनियमितता गरेको उनीमाथि आरोप लाग्यो । तत्कालीन राष्ट्रपति गुलाम इज्जाक खानले सरिफलाई पदबाट बर्खास्त गरिदिए । उनले प्रधानमन्त्री भएको तीन वर्षमै बेनजिरको नियति भोग्नुपऱ्यो । त्यसपछि भएको चुनावमा फेरि पाकिस्तान पिपुल्स पार्टीले बहुमत ल्यायो । पूर्वकी छोरी उपनामले चिनिएकी बेनजिर भुट्टो दोस्रो पटक प्रधानमन्त्री बनिन् । उनले दोस्रो कार्यकाल पूरा गर्न पाइनन् । तत्कालीन राष्ट्रपति फारुक लेग्हारीले भ्रष्टाचारको आरोपमा भुट्टो सरकार विघटन गर्दै राष्ट्रिय सभासमेत भंग गरिदिए । सन् १९९७ मा भएको संसदीय निर्वाचनमा फेरि मुस्लिम लिग नवाजले बहुमत हासिल गऱ्यो । नवाज सरिफ दोस्रो पटक प्रधानमन्त्री बने। उनी प्रधानमन्त्री भएको दुई वर्षपछि १९९९ मा कारोगल युद्ध भयो। यस युद्धमा सरकार र सेनाबीच मनमुटाव भयो । आफैंले नियुक्त गरेका प्रधानसेनापति परवेज मुसर्रफले सरिफमाथि भ्रष्टाचारको आरोप लगाउँदै सैनिक कु गरे । भ्रष्टाचारको आरोपमा सरिफले १४ वर्ष जेल सजाय पाए पनि निर्वासनको सुविधाअनुरुप उनले पाकिस्तान छोडे । झन्डै ८ वर्ष लामो निर्वाचनपछि २००७ मा स्वदेश फर्किएका सरिफले सन् २०१३ को आमनिर्वाचनमा फेरि प्रधानमन्त्री बन्ने अवसर पाए । निर्वाचनमै धाँधली गरेको, पैसाको प्रयोग गरेको आरोप उनीमाथि विपक्षी दलहरुले लगाउन थाले। सरिफ सरकारविरुद्ध पूर्व क्रिकेटर इमरान खानले नेतृत्व गरेको दलले ६ महिना लामो सडक संघर्ष गरेको थियो।

सन् २००७ मा मुसर्रफ पदबाट हटेपछि पाकिस्तानमा एक दशकदेखि लोकतान्त्रिक शासन चलिरहेको छ । गत वर्षको पनामा पेपर्सको खुलासीपछि सरिफ कर छलिमा मुछिए। ब्रिटिस भर्जिन आइसल्यान्डमा उनका तीन छोराछोरीले खोलेका अफसोर कम्पनीहरु र त्यसको आम्दानीका नाममा बेलायतमा अर्बौं सम्पत्ति जम्मा गरेको पनामा पेपर्सले खुलासा गऱ्यो । त्यसमा सरिफको नाम समावेश नभए पनि उनका छोराछोरीको नाम आएपछि सरिफमाथि छानबिन गर्न विपक्षी दलहरुले आवाज उठाउँदै आएका थिए । सरिफमाथि भ्रष्टाचार र अनियमितताको आरोपमा कारबाही गर्नुपर्ने माग गर्दै सुप्रिम कोर्टमा रिट पऱ्यो । सुरुमा रिटबारे न्यायालय मौन बस्यो । तर जब छानबिन गर्नका लागि विपक्षी दलहरुले जोडदार आवाज उठाए, सर्वोच्च न्यायालयले पाँच न्यायाधीशको इजलास गठन गऱ्यो । त्यस्ता कम्पनीहरुका बारेमा सरिफसँग पटक पटक बयान लिइयो । तीन घन्टासम्म सरिफले आफ्नो संलग्नता नरहेको न्यायालयमा बयान दिएका थिए। अफसोर कम्पनी खोल्ने सरिफकी छोरी मरियमले अदालतमा झूटो विवरणहरु पेस गरिन्। १५ महिना लामो सुनुवाइपछि दुई साताअघि सरिफको दाबीलाई झूटो सावित गर्दै उनलाई सांसद पदमा रहन अयोग्य घोषित गरिदियो अदालतले । सरिफ र उनको परिवारका सदस्यहरुमाथि भ्रष्टाचारको छानबिन गरी कारबाही चलाउन नेसनल अकाउन्टेबिलिटी ब्युरोलाई अदालतले आदेश दियो । यसमा सेनाको समेत प्रतिनिधित्व गराइयो । सरिफ उनकी पुत्री मारिया ज्वाइँ सफदर र अर्थमन्त्री इजाक लगायतमाथि भ्रष्टाचारको विषयमा छानबिन गर्नुपर्ने अदालतले आदेश दियो । सांसद रहन अयोग्य ठहर गरिएपछि सरिफले प्रधानमन्त्री पदबाट राजीनामा दिए। पनामा पेपर्सकै कारण पद गुमाउने सरिफ दोस्रो व्यक्ति हुन्। यसअघि आइसल्यान्डका प्रधानमन्त्री सिग्मुन्दुर डेभिड गुनलाउग्सनले पनामा पेपर्सको खुलासापछि राजीनामा दिएका थिए । पनामाको मोसाक फोन्सेका कम्पनीले खोज पत्रकारहरुलाई प्रयोग गरी करछली गर्नेहरुको छानबिन गरेको थियो । गत वर्ष गरिएको छानबिनमा विश्वका १ सय ४० जनाको नाम जोडिएको थियो । जसमा साउदी अरबका राजा, लियोनल मेसी, रुसी राष्ट्रपति पुटिन लगायतको नाम जोडिएको थियो ।

आफ्नो कार्यकाल पूरा गर्न दश महिना बाँकी रहँदा सरिफले पद छोड्नु पऱ्यो । सरिफको पार्टी मुस्लिम लिगले आक्रोशपूर्ण प्रतिक्रिया दिँदै 'अन्याय भएको' बताएको छ । विपक्षी दलहरुले अदालतको फैसलाको स्वागत गरेका छन् । अदालतले अब सरिफलाई राजनीतिमा प्रवेश गर्ने ढोकै बन्द गरिदिएको छ । सरिफको बहिर्गमनपछि साहिद खकवान अब्बासी अन्तरिम प्रधानमन्त्री छन् जुन सरिफका विश्वासपात्र हुन्। अब्बासी दुई महिनाका लागि मात्र प्रधानमन्त्री बनेका हुन् । यसपछि सरिफले आफ्नै भाइ सहवाज सरिफलाई प्रधानमन्त्री बनाउन चाहेको विपक्षी दलहरुले दाबी गरेका छन् । पञ्जाव राज्यका मुख्यमन्त्री सहवाजलाई आफ्नो रिक्त सिटमा उपचुनावबाट जिताउने सरिफको योजना छ भनिन्छ ।

## भैरहवा...

घाटा भइरहेको बताएका छन् । नेपालतर्फ लोड गरेका र खाली गाडीको लाइन बढ्दो छ ।

साउन पहिलो सातादेखि सुरक्षा अवस्था देखाउँदै सीमा क्षेत्रमा भारतीय पक्षले अवरोध गरेपछि नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरी, भारतका लागि नेपालका राजदूत दीपकुमार उपाध्याय, भारतीय सुरक्षा बलका डिआइजी, नेपाली सुरक्षा निकायका प्रमुखहरुबीच गत हप्ता भएको छलफलमा भारतीय अधिकारीहरुले सीमा क्षेत्रमा अवरोध नगर्ने जनाएका थिए ।

## बिम्स्टेक...

सचिव प्रीति शरण, भुटानको विदेश मन्त्रालयका सचिव सोनाम छोड, बंगलादेशका विदेश सचिव मोहम्मद शहिदुल हकले आ-आफ्ना राष्ट्रको प्रतिनिधित्व गरेका छन् ।

त्यसैगरी म्यान्माको परराष्ट्र मन्त्रालयको अन्तर्राष्ट्रिय संगठन तथा आर्थिक विभागका महानिर्देशक क्वा मो तुन, श्रीलंकाको विदेश मन्त्रालयका अतिरिक्त सचिव ग्रेस आशिर्वाथन र थाइल्याण्डको विदेश मन्त्रालयको अन्तर ाष्ट्रिय आर्थिक मामिला विभागका नायब महानिर्देशक इकसिरी पिन्टारुचीले बैठकमा आ-आफ्नो मुलुकको प्रतिनिधित्व गरेका छन् ।

बैठकमा बिम्स्टेकले पहिचान गरेका व्यापार, लगानी, यातायात तथा सञ्चार, ऊर्जा, पर्यटन, कृषि, प्रतिआतंकवाद, गरिबी निवारण, जनस्वास्थ्य, वातावरण तथा प्राकृतिक विपत्ति र जलवायु परिवर्तनजस्ता १४ क्षेत्रमा विचारविमर्श हुनेछ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले बिहीबार मन्त्रिस्तरीय बैठकको उद्घाटन र सम्बोधन गरेका छन् भने सदस्य मुलुकका बाह्य मामिला/विदेश/परराष्ट्रमन्त्रीसँग सामूहिक शिष्टाचार भेट पनि गरेका छन् ।

स्थापनाको २० औं वर्षमा रहेको बिम्स्टेक मन्त्रिस्तरीय बैठकमा उपप्रधानमन्त्री एवं परराष्ट्र मन्त्री कृष्णबहादुर महराले नेतृत्व गरेका छन्। उनले प्रतिनिधिमण्डलको सम्मानमा बिहीबार नै रात्रिभोजको आयोजना गरेका थिए ।

दक्षिण र दक्षिणपूर्वी एसियाका सात मुलुकको उपक्षेत्रीय संगठन बिम्स्टेकको अध्यक्षता सन् २०१४ मा नेपालले ग्रहण गरेको हो । रासस

## प्रजिअहरु भए सरुवा

काठमाडौं । गृह मन्त्रालयले ३१ जिल्लाका प्रजिअहरुको सरुवा गरेको छ। जनार्दन शर्मा गृहमन्त्री भएलगत्तै प्रजिअहरुको सरुवा भएको हो। गृहले राजपत्रांकित प्रथम श्रेणीका १० जना र द्वितीय श्रेणीका २१ जनालाई काज सरुवा गरेको छ ।

सरुवा हुनेमा काठमाडौंको प्रजिअमा केदारनाथ शर्मा, पर्सामा विनोद प्रकाश सिंह, ऋषिराम तिवारी झापामा सरुवा भएका छन् । यस्तै महेश आचार्यलाई स्याङ्जामा, रामप्रसाद आचार्यलाई मोरङमा सरुवा गरिएको छ ।

## फिफा वरियता क्रममा नेपाल

काठमाडौं । नेपाल फिफाको विश्व वरियतामा एक स्थानमाथि उक्लिएको छ । फिफाले बिहीबार सार्वजनिक गरेको विश्व वरियतामा नेपाल ११७ अंकका साथ १६९ औं स्थानमा छ । यस्तै ब्राजिल विश्व वरियताको शीर्ष स्थानमा उक्लिएको छ। रुस विश्वकपमा स्थान बनाएको ब्राजिल, जर्मनीलाई पछि पार्दै पहिलो स्थानमा उक्लिएको हो । जर्मनी दोस्रो स्थानमा छ।

सार्क देशमा भारत ९७ औं स्थानमा छ । उ एक स्थान तल झरेको हो । माल्दिभ्स १४२ औं स्थानमा छ भने अफगानिस्तान एक स्थान तल झर्दै १५६ औं र भुटान १६५ औं स्थानमा आइपुगेको छ ।